# प्रभाव दैनिक
National Daily

इ-पेपरका लागि

वर्ष १० | अंक १९२ | काठमाडौं | मंगलबार, २१ कात्तिक २०८० | Prabhab National Daily | Tuesday, November 7, 2023 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।-


# गणतन्त्रवादीमा संशय



सर्वसाधारण नागरिकको गणतन्त्रप्रति होइन पार्टीप्रति गुनासो छ । पार्टीहरूले राम्रो गरेनन् । गणतन्त्रको सरकारले राम्रो गरेन र संसद्ले राम्रो काम गरेन भन्ने गुनासो छ ।

■ **रामवरण यादव**
पूर्वराष्ट्रपति



गणतन्त्र संकटमा छ तर गणतन्त्रको विकल्प गणतन्त्र नै हो । गणतन्त्रका विरोधीहरु चुनावको परिणामले हौसिएका होलान् तर हुने केही होइन ।

■ **डा. बाबुराम भट्टराई**
पूर्वप्रधानमन्त्री

■ **जेबी योञ्जन**

**काठमाडौं–** शाहवंशीय राजतन्त्रको अन्त्य भएर संघीय लोकतान्त्रिक गणतन्त्र स्थापना भएको डेढ दशक हुँदा गणतन्त्रवादीहरूमा संशय पैदा भएको छ । २०४ वर्ष पुरानो राजतन्त्रलाई अन्त्य गर्दै नयाँ राजनीतिक व्यवस्थाको रूपमा गणतन्त्रलाई स्वीकारिएको यति छोटो अवधिमै गणतन्त्र नै गुम्ने त होइन ? गणतन्त्रवादीहरू चिन्तित देखिएका छन् ।

गणतन्त्र नेपालको पहिलो राष्ट्रपति डा. रामवरण यादव यसबारे सर्वाधिक चिन्तित देखिए । उनले गणतन्त्र खतरामा पर्दै जानुमा दुई कारण औंल्याएका छन् । पहिलो- निर्वाचनबाट प्राप्त जनमतले सच्चा गणतन्त्रवादी नेताहरू र उनीहरूको दल पछि परे । गणतन्त्र नरुचाउने नेताहरू गणतान्त्रिक व्यवस्थामा अघि आए । 'गणतान्त्रिक प्रक्रियामा मेन एक्टरहरू जो थिए, उनीहरू पछाडि परे । साइड एक्टरहरूले एक्टिङ गरिरहेका छन् । यो तीतो सत्य हो,' उनी भन्छन् ।

गणतान्त्रिक व्यवस्था संकटमा पर्दै जानुको दोस्रो कारणको रूपमा गणतन्त्रवादी दल र तिनका नेताहरूको कार्यशैली जनअपेक्षाअनुसारको नहुनुलाई मान्छन् उनी । तर, तत्काल निराश हुनुपर्ने स्थिति नभएको बताए ।

'मैले कास्की, रूपन्देही, नवलपरासी, सप्तरी, धनुषा, महोत्तरी हुँदै भ्रमण गरेँ । तत्काल निराश नै हुनुपर्ने कारण छैन । किनभने गणतन्त्रप्रति कमन पिपुल (सामान्य नागरिक)को गुनासो छैन । पार्टीप्रति गुनासो छ । पार्टीहरूले राम्रो गरेनन् । गणतन्त्रको सरकारले राम्रा गरेन र संसद्ले राम्रो काम गरेन भन्ने गुनासो छ,' उनले भने, 'नेताहरू र दलहरू सुध्रिउन् ।'

गणतन्त्र नेपालको चौथो प्रधानमन्त्री भएका डा. बाबुराम भट्टराई गणतन्त्र नरुचाउने तत्त्वहरू सल्बलाइरहेको र त्यस्ता तत्त्वलाई निस्तेज पानुपर्ने बताउँछन् । उनले गणतन्त्र नरुचाउने तत्त्व भनेको राजतन्त्र पक्षधर दल राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा)लाई हो । उनका अनुसार राप्रपाको राजतन्त्र फर्काउने सपना पूरा हुँदैन । उनले राजतन्त्र पक्षधरहरूलाई 'मरेपछि पनि एकछिन फिटिफिटि गर्ने बाखाको पुच्छर'को संज्ञासमेत दिएका छन् । 'चुनावको परिणामले हौसिएका होलान् तर हुने केही होइन । मलाई के लाग्छ भने मरेपछि पनि बाखाको पुच्छर एकछिन फिटिफिटि गर्छ, अहिले भएको त्यही हो । अरु केही होइन,' उनले भने, 'गणतन्त्र संकटमा छ तर गणतन्त्रको विकल्प गणतन्त्र नै हो ।'

गणतन्त्रको विरुद्ध र राजतन्त्रको समर्थनमा राप्रपाले संघीयदेखि प्रदेश संसद्सम्मै चर्को आवाज उठाउँदै आएको छ । घरिघरी सडकमा पनि प्रदर्शन गर्दै आएको छ । सत्ताच्यूत भएका पूर्वराजा ज्ञानेन्द्र शाह मन्दिर र देश दर्शनको नाममा जनतासँग साक्षात्कार गर्दै राजतन्त्रको पक्षमा माहोल बनाइरहेका छन् ।

नेपाली कांग्रेस र नेकपा एमालेका केही नेता राजतन्त्रकै पक्षमा छन् । गणतन्त्र र राजतन्त्रमा केही भिन्नता नभएको बरु धेरै राजा गणतन्त्रमा भएर देशलाई तहसनहस पारेको भन्दै उनीहरू आक्रोशपूर्ण टिप्पणी गर्छन् । तर, 'राजतन्त्रदेखि गणतन्त्र' पुस्तकका लेखक राजनीतिशास्त्री लोकराज बराल गणतन्त्र संकटमा परे पनि राजतन्त्र फर्किने सम्भावना नभएको बताउँछन् । उल्टै प्रश्न गर्छन्, 'राजतन्त्र जनताले नभोगेका हुन् र ? त्यस्तो चमत्कार थियो राजतन्त्रमा ? सुखमा थिए जनता ?'

नेपालमा गणतन्त्र १५ जेठ २०६५ मा घोषणा भएको हो । संविधानसभाका ज्येष्ठ सदस्य कूलबहादुर गुरुङले अध्यक्षता गरेको संसद्मा उक्त दिन राति करिब साढे १० बजे तत्कालीन गृहमन्त्री कृष्णप्रसाद सिटौलाले गणतन्त्रको प्रस्तावलाई निर्णयार्थ पेस गरेका थिए ।

(बाँकी पृष्ठ ३ मा)

जाजरकोट भूकम्प

# बढी भौतिक क्षति रुकुम पश्चिममा

## ज्यान गुमाउनेमा अधिकांश बालबालिका र महिला

- रूकुम पश्चिमका १६ हजार ५७० र जाजरकोटका एक हजार १७० घर पूर्णरूपमा क्षति
- भूकम्पमा परी ज्यान गुमाउनेमा सबैभन्दा धेरै ७८ जना बालबालिका
- प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा दुई करोडभन्दा बढी रकम जम्मा
- राहत वितरण एकद्वार प्रणालीबाट गरिँदै

■ **प्रभाव संवाददाता**

**काठमाडौं–** जाजरकोट भूकम्पबाट भएको क्षतिको पूर्णविवरण आइसकेको छैन । सोमबार साँझसम्म प्राप्त विवरणअनुसार १७ हजार ७९२ घर पूर्णरूपमा क्षति भएको छ । जाजरकोटको रामीडाँडा केन्द्रबिन्दुमा शुक्रबार राति गएको ६.४ रेक्टर स्केलको भूकम्पले सबैभन्दा बढी भौतिक क्षति रुकुम पश्चिममा भएको गृह मन्त्रालयले जनाएको छ ।

गृहको विपद् पूर्वतयारी तथा प्रतिकार्य शाखाका अनुसार रुकुम पश्चिमका १६ हजार ५७० घरमा पूर्ण क्षति पुगेको छ । त्यहाँका नौ हजार ९६१ घरमा आंशिक क्षति पुगेको छ ।

भूकम्पको केन्द्रबिन्दु जिल्ला जाजरकोटका भने एक हजार १७० घर पूर्णरूपमा क्षतिग्रस्त भएका छन् । जाजरकोटका सात हजार १६६ घरमा आंशिक क्षति पुगेको तथ्यांक छ ।

भूकम्पका कारण मानवीय क्षति भने जाजरकोटमा सबैभन्दा धेरै भएको छ । जाजरकोटमा भूकम्पमा परी सोमबार साँझसम्म १०५ जनाको मृत्यु भएको छ भने यहाँका १३३ घाइते विभिन्न अस्पतालमा उपचाररत छन् । यता रुकुम पश्चिमका ५२ जनाको मृत्यु र १९७ जना घाइते भएका छन् ।



रुकुमपश्चिमको आठबिसकोट नगरपालिका–१४ क्षपारेमा भूकम्पले भत्किएको घर उत्खनन् गरेर पुरिएका सामग्री निकाल्दै स्थानीयवासी ।
*तस्बिरः सुरेश आचार्य/रासस*

| जिल्ला | मानवीय क्षति | | घर क्षति | |
|---|---|---|---|---|
| | मृत्यु | घाइते | आंशिक | पूर्ण |
| जाजरकोट | १०५ | १३३ | ७,१६६ | १,१७० |
| रूकुम पश्चिम | ५२ | १९७ | ९,९६१ | १६,५७० |
| रूकुम पूर्व | ० | ० | १८२ | २ |
| सल्यान | ० | २ | ९७ | २५ |
| आसपासका जिल्ला | ० | १९ | १२३ | २५ |
| **जम्मा** | १५७ | ३४९ | १७,५२९ | १७,७९२ |

*स्रोतः गृह मन्त्रालय*

### मृत्यु हुनेमा बालबालिका र महिला धेरै

जाजरकोट भूकम्पमा परी मृत्यु भएकामध्ये झण्डै आधा संख्या बालबालिका रहेको पाइएको छ । प्रहरीले उपलब्ध गराएको तथ्यांकअनुसार कात्तिक १७ गते राति गएको भूकम्पबाट मृत्यु भएका १५७ मध्ये ७८ जना बालबालिका रहेका छन् ।

(बाँकी पृष्ठ २ मा)

### सोमबार पुनः भूकम्प, चार जना घाइते

जाजरकोट भूकम्पको परकम्प जाने क्रम रोकिएको छैन । जसले प्रभावित क्षेत्रमा थप त्रास सिर्जना गरिरहेको छ । सोमबार अपराह्न ४ बजेर ३१ मिनेटमा ५.८ रेक्टर स्केलको भूकम्प गएको राष्ट्रिय भूकम्प मापन केन्द्रले जनाएको छ ।

उक्त भूकम्पले पुनः घरहरू भत्किँदा रुकुम पश्चिमको आठबिसकोट नगरपालिकामा चारजना घाइते भएका छन् । घाइते भएका चारै जनालाई तत्काल उद्धार गरी नगर अस्पताल राडीमा पुर्‍याएको नगरप्रमुख रवी केसीले जानकारी दिए । (बाँकी पृष्ठ ३ मा)

सन्दर्भ : वैदेशिक रोजगार

# खाडीका तीन मुलुकसँग अझै हुन सकेन श्रम सम्झौता


■ **प्रभाव संवाददाता**

**काठमाडौं–** सरकारले नेपाली कामदारहरूको प्रमुख श्रम गन्तव्यको रूपमा रहेको खाडीका तीन मुलुक साउदी अरेबिया, ओमान र कुवेतसँग श्रम सम्झौता गर्न सकेको छैन । वैदेशिक रोजगारीलाई सुरक्षित, व्यवस्थित, मर्यादित र पारदर्शी बनाउन गन्तव्य मुलुकहरूसँग श्रम सम्झौता गर्ने नीति लिएको सरकारले खाडीका उल्लिखित मुलुकसँग निरन्तर प्रयास गर्दै आइरहेको भए पनि अझै सम्झौता गर्न नसकेको हो ।

भर्खरै मात्र युरोपेली मुलुक जर्मनी र रोमानियासँग श्रम सम्झौता गरेको सरकारले खाडी मुलुकसँग श्रम सम्झौतासम्बन्धी मस्यौदा आदानप्रदान हुँदै आएको बताएको छ तर ठोस उपलब्धि भने प्राप्त भएको छैन । यद्यपि श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले युरोपेली मुलुकसँगै साउदी, ओमान र कुवेतसँग पनि श्रम सम्झौताको तयारी गरेको र केही विषय टुंग्याउन बाँकी रहेका कारण ढिलाइ भएको जानकारी दिएको छ । सरकारले खाडीका मुलुक मात्र नभई अन्य मुलुकसँग पनि श्रम सम्झौताका लागि गृहकार्य गरिरहेको मन्त्रालयका सहसचिव एवं प्रवक्ता डण्डुराज घिमिरेले बताए ।

'हामीले सम्झौताका लागि तयार पारेको ड्राफ्ट (मस्यौदा)मा शून्य लागतमा कामदार लैजानुपर्ने र अन्तर्राष्ट्रिय श्रम संगठनको मापदण्डअनुसार उनीहरूलाई पारिश्रमिक, सेवासुविधा, सुरक्षा दिनुपर्ने उल्लेख गरेका छौं,' उनले भने, 'जसका कारण केही गन्तव्य मुलुक हामीले प्रस्ताव गरेअनुसारको सम्झौता गर्न तत्पर देखिएका छैनन् ।'

खुला रूपमा नेपालबाट कामदार लैजान पाएका साउदीलगायतका कतिपय मुलुक



रोजगारदाताले सबै शुल्क बेहोर्ने गरी कामदार लैजान सहमत नहुनु स्वाभाविक भए पनि पछिल्लो समय श्रम सम्झौताका लागि तयार हुनुले सकारात्मक परिणाम आउनेमा मन्त्रालय विश्वस्त रहेको घिमिरेले बताए । उनका अनुसार युरोपेली मुलुक पोल्याण्ड, पोर्चुगल, अर्को अफ्रिकी मुलुक सेसेल्ससँग पनि सम्झौताका लागि अन्तिम तयारी भइरहेको छ ।

सरकारले भरपर्दो र सुरक्षित रोजगारीका लागि खाडीको विकल्पमा युरोपलाई गन्तव्य बनाउनुपर्नेमा जोड दिए पनि तीन दशकभन्दा बढी समयदेखि खाडी नै नेपालीहरूको प्रमुख श्रम गन्तव्य बन्दै आएको छ । खाडीमा केही कानुनी जटिलताका कारण पनि तयारी गरेअनुसारको परिणाम आउन नसकेको मन्त्रालयका अधिकारीहरूको भनाइ छ । नेपालले गन्तव्य मुलुकसँग 'इम्प्लोएर पे मोडल'मा श्रम सम्झौताका लागि प्रस्ताव गरेका कारण साउदी, ओमान र कुवेतले स्वीकार गर्न आनाकानी गरिरहेको मन्त्रालयका एक उच्च अधिकारीले बताए । उनका अनुसार साउदीसँग श्रम सम्झौताका लागि प्रयास गरेको एक दशक भइसक्यो तर पनि हुन सकेको छैन । अन्य दुई मुलुकले पनि घरेलु कामदार लैजान पाउनुपर्ने र त्यसमा नेपाल सरकारले सहजीकरण गरिदिए श्रम सम्झौताका लागि बाटो खोल्ने अप्रत्यक्ष सन्देश दिएको बताइन्छ । यी मुलुकहरू लामो समयदेखि नेपालबाट घरेलु महिला कामदार लैजान प्रयासरत छन् । तर नेपालले महिला घरेलु कामदार पठाउने सन्दर्भमा उनीहरूको सुरक्षाको ग्यारेन्टीसहित विशिष्ट खाले श्रम सम्झौता हुनुपर्ने अडान राख्दै आएको बताइएको छ ।

नेपाली कामदारहरूको आकर्षक गन्तव्यमध्येको एक साउदीसँग विभिन्न मितिमा श्रम सम्झौताका लागि ड्राफ्ट एक्स्चेञ्ज भए पनि साउदीले चित्त नबुझाउँदा परिणाम आउन नसकेको मन्त्रालयका सहसचिव राजिव पोखरेलले बताए । 'हामीसँग पहिलो ड्राफ्ट एक्स्चेन्ज भएपछि साउदीले केही बुँदामा असहमति जनायो,' उनले भने, 'त्यसपछि लामो समय कुनै प्रक्रिया अगाडि बढ्न सकेन, पटक-पटकको आग्रह र समन्वयपश्चात् अहिले साउदी सकारात्मक देखिएको छ ।' कतिपय मुलुकको कानुनी व्यवस्थाका कारण आवश्यक प्रक्रिया पूरा गर्न लामो समय लाग्ने भएकाले श्रम सम्झौताका लागि ढिलाइ हुने गरेको पोखरेलले बताए ।

यसैबीच साउदीसँग श्रम सम्झौतालगायत श्रमिकका समस्या समाधानको विषयलाई टुंगोमा पुर्‍याउने भन्दै श्रम मन्त्रालय, वैदेशिक रोजगार विभाग, वैदेशिक रोजगार बोर्ड र नेपाल वैदेशिक रोजगार व्यवसायी संघको संयुक्त प्रतिनिधिमण्डल र साउदी अधिकारीहरूबीच भएको छलफलबाट कुनै निष्कर्ष आउन सकेन । यद्यपि साउदीस्थित नेपाली दूतावासले एक विज्ञप्ति जारी गर्दै द्विपक्षीय छलफलपश्चात् श्रम सम्झौतालगायतका विषयहरूमा प्रगति भएको भन्दै केही विषय 'भर्चुअल' बैठकले टुंगो लगाउने उल्लेख गरेको छ । दूतावासले केही विषयमा सहमति भएको जनाए पनि प्रस्टरूपमा उल्लेख गरेको छैन ।


जनहितमा जारी सन्देश




लामखुट्टेले फुल पार्न सक्ने संभावित घर भित्र र वरपरका पानी जमेको ठाँउहरु र पानी राख्ने भाडाँहरु खोजी खोजी सफा गरौं र लामखुट्टेको फुल नष्ट गरौं ।

प्रभाव दैनिक | www.prabhabonline.com | प्रभाव पब्लिकेसन प्रा.लि. कामपा–७, सिफल, काठमाडौं

## बढी भौतिक...

पष्ठ १ बाट जारी

जाजरकोटमा ५० र रुकुम पश्चिममा २८ जना बालबालिकाको भूकम्पमा परी मृत्यु भएको जाजरकोटका प्रहरी प्रमुख प्रहरी नायव उपरीक्षक सन्तोष रोकाले जानकारी दिए। उनका अनुसार दुवै जिल्लामा गरी मृत्यु हुने झण्डै आधा बालबालिका रहेका छन्। जाजरकोटमा मृत्यु भएका १०५ मध्ये बालक २७ र बालिका २३ जना रहेका रोकाले बताए।

रुकुम पश्चिममा भूकम्पमा परी ५२ जनाको मृत्यु भएकामा २८ बालबालिकाले रहेका जिल्ला प्रहरी प्रमुख नमराज भट्टराईले जानकारी दिए। 'रुकुम पश्चिममा भूकम्पमा मृत्यु भएकामध्ये अधिकांश बालबालिका छन्। दुईजना १० महिनाका बालबालिकालेसमेत ज्यान गुमाएका छन्,' भट्टराईले भने।

भूकम्पमा परी मृत्यु हुनेमा बालबालिकापछि महिला धेरै रहेका प्रहरीले जनाएको छ। प्रहरीका अनुसार जाजरकोटमा मृत्यु भएका १०५ मध्ये ३३ जना महिला भएको जाजरकोटका प्रनाउ रोकाले जानकारी दिए। रुकुम पश्चिममा १६ महिला र आठ जना पुरुषको मृत्यु भएको छ। विपद्मा महिला, बालबालिका र ज्येष्ठ नागरिकसँगै अपांगता भएका व्यक्ति बढी प्रभावित हुने गरेका छन्।

### राष्ट्रपति युरो भ्रमण रद्द, आज प्रभावित क्षेत्रमा जाँदै

राष्ट्रपति रामचन्द्र पौडेल आज भूकम्प प्रभावित जिल्ला जाने भएका छन्। युरोप भ्रमण रद्द गरेर राष्ट्रपति पौडेल आज बिहान जाजरकोट र रूकुम पश्चिम जाने कार्यक्रम तय भएको राष्ट्रपतिका प्रेस सल्लाहकार किरण पोखरेलले जानकारी दिए। राष्ट्रपति पौडेल भूकम्पपछिको अवस्था बुझ्न नेपाली सेनाको हेलिकप्टरमा जाजरकोट र रूकुम पश्चिम पुग्ने छन्। राष्ट्रपति पौडेलले भूकम्पकै कारण कात्तिक २२ गतेदेखि हुने युरोप भ्रमण पनि स्थगित गरेका हुन्।

### सहयोग जुट्ने क्रम जारी

जाजरकोट र रुकुम पश्चिमका भूकम्पपीडितका लागि सहयोगको प्रतिबद्धता आउने क्रम जारी छ। छिमेकी मुलुक चीनले १० करोड रूपैयाँ बराबरको सहायता सामग्री दिने घोषणा गरिसकेको छ। अर्को छिमेकी मुलुक भारतले १६ करोड रूपैयाँ बराबरको राहत सामग्री आइतबार नै हस्तान्तरण गरेको छ।

बुद्ध एयरले एक करोड रूपैयाँ कोषमा जम्मा गरेको छ। त्यसैगरी कोषमा भाटभटेनी डिपार्टमेन्टल स्टोरका सञ्चालक मीनबहादुर गुरुङले एक करोड ११ लाख रूपैयाँको चेक प्रधानमन्त्री पुष्पकमल दाहाललाई हस्तान्तरण गरेका छन्।

बैंक, इन्स्योरेन्ससहित आइएमई ग्रुपले भूकम्प प्रभावितलाई डेढ करोड रूपैयाँ सहयोग गर्ने वाचा गरेको छ। नेपाल नागरिक उड्डयन प्राधिकरणले एक करोड रूपैयाँ कोषमा जम्मा गर्ने भएको छ। नेपाली कांग्रेसले संघीय सांसदको १५ दिनको तलबबापत हुने ३२ लाखभन्दा बढी रकम कोषमा जम्मा गर्ने भएको छ। पार्टीका तर्फबाट कांग्रेसले ५० लाख दिने प्रतिबद्धता शनिबार नै जनाइसकेको थियो। राप्रपाले २५ लाख दिने घोषणा गरेसँगै एकीकृत समाजवादीले पनि २५ लाख दिने घोषणा गरेको छ। माओवादी केन्द्रले ५० लाख रूपैयाँ दिने घोषणा गरिसकेको छ भने यता बाबुराम भट्टराई नेतृत्वको नेपाल समाजवादी पार्टीले भूकम्पपीडितलाई सहयोग गर्न सरकारी कोषमा १० लाख रूपैयाँ दिने भएको छ।

नेपाल पर्वतारोहण संघले ३१ लाख ११ हजार रूपैयाँ, एनआइसी एसिया बैंकले ५१ लाख र एनसेलले ५० लाख दिने भएका छन्। सिटिजन्स बैंकले २५ लाख दिने घोषणा गरेको छ। बागमती प्रदेश सरकारले डेढ करोड तथा सुदूरपश्चिम र गण्डकी सरकारले एक/एक करोड रूपैयाँ सहयोग गर्ने प्रतिबद्धता जनाएका छन्।

त्यसैगरी नेपाल एलपी ग्यास उद्योग संघले कोषमा ११ लाख ११ हजार रूपैयाँ जम्मा गरेको छ भने भूकम्पप्रभावित क्षेत्रमा ३०० थान सिलिण्डर सहयोग गर्ने जनाएको छ।

यसैगरी काठमाडौं महानगरपालिकाले भूकम्पप्रभावितका लागि सोमबार दुई हजार थान ब्ल्यांकेट पठाएको छ। यससँगै दुई हजार घर परिवारका लागि खाद्यान्न राहत, औषधि तथा सफाइ सामग्री पठाउने तयारी गरेको महानगरले जनाएको छ। नेपाली सेनाको स्काइ ट्रकबाट ब्ल्यांकेट पठाइएको र राहतका प्याकेट स्थलमार्गबाट पठाउने तयारी गरेको जनाइएको छ। राहत सहयोगसँगै प्राविधिक सहयोग आवश्यक परे महानगरपालिकाले उपलब्ध गराउने नगरप्रमुख बालेन्द्र शाहले बताएका छन्।

### प्रधानमन्त्री उद्वार कोषमा दुई करोडभन्दा बढी जम्मा

प्रधानमन्त्री दैवी प्रकोप उद्वार कोषमा आइतबारसम्म दुई करोड रूपैयाँभन्दा बढी रकम जम्मा भएको छ। आइतबार सरकारले सार्वजनिक गरेका विभिन्न छ वटा बैंक खातामा दुई करोड २२ लाख २१ हजार रूपैयाँ जम्मा भएको प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयका लेखा शाखा प्रमुख सूर्यप्रसाद भण्डारीले जानकारी दिए।

आइतबारमात्रै उक्त पैसा खातामा जम्मा भएको उनले बताए। 'आइतबार दिनभरको जम्मा भएको रकम हो। सोमबार दिनभरको फेरि अर्को दिनमात्रै कति जम्मा भयो थाहा हुन्छ,' उनले भने। शुक्रबार राति जाजरकोटमा भएको भूकम्पपछिको राहत तथा उद्धारका लागि सरकारले रकम जम्मा गर्न अपिल गर्नुअघि कोषमा तीन अर्ब रूपैयाँभन्दा बढी रकम जम्मा थियो। राहत, उद्वार तथा पुनर्निर्माणका लागि विभिन्न क्षेत्रबाट सहयोग गर्नेको संख्या उल्लेख देखिएको प्रधानमन्त्री कार्यालयले जनाएको छ।

### राहत एकद्वार प्रणालीबाट

सरकारले भूकम्पपीडितका लागि राहत एकद्वार प्रणालीबाट वितरण गर्ने व्यवस्था गरेको छ। विभिन्न क्षेत्रबाट प्राप्त सहयोग रकम 'प्रधानमन्त्री दैवी प्रकोप उद्वार कोष नियमावली, २०६३' अनुसार परिचालन हुने प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयले जनाएको छ।

कोषको रकम जिल्ला दैवी प्रकोप उद्वार समितिमा पठाउनुपर्ने नियमावलीमा व्यवस्था छ। उक्त रकम पीडितको अस्थायी आवास, औषधि उपचार, घर मर्मत लगायतमा प्रयोग गर्न पाउने नियमावलीमा छ।

प्रधानमन्त्री पुष्पकमल दाहालले तत्कालै क्षतिको विवरण संकलन गरेर आवश्यक संरचनामार्फत पुनर्निर्माणको काम गरिने बताएका छन्। पुरानो कानुनी संरचनाले पनि पुनर्निर्माणमा समस्या भइरहेकाले आवश्यक कानुनी व्यवस्था गर्ने सरकारको तयारी छ। 'भइरहेको ऐन, विधि र संरचनाले पुनर्निर्मिाणको काम प्रभावकारी देखिएको छैन,' प्रधानमन्त्री दाहालले भनेका छन्। सरकारले तत्कालका लागि पुनर्निर्माणको काम सहरी विकास मन्त्रालयलाई दिएको छ।

एकीकृत योजना बनाउने र एक वर्षमा संरचना निर्माण सक्ने सरकारको योजना छ। तत्कालका लागि सरकारले मृतकका परिवारलाई दुई लाख रूपैयाँका दरले राहत दिने निर्णय गरिसकेको छ।

## चौतारा साँगाचोकगढी नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय

**चौतारा, सिन्धुपाल्चोक**

**बागमती प्रदेश, नेपाल**

### बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

**(प्रकाशित मिति २०८०/०७/२१)**

चौतारा सागाचोकगढ़ी नगरपालिका, चौतारा, सिन्धुपाल्चोकबाट मिति २०८०/०६/१० गते मध्यान्ह राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित बोलपत्र आव्हानको सूचना अनुसार रित पुर्बक म्याद भित्र www.bolpatra.gov.np/egp मा दर्ता हुन आएका बोल्पत्रदाताहरुको बोलपत्र मुल्यांकन गर्दा न्युनतम मुल्याङ्कीत सारभूत रुपमा प्रभावग्राही भएको निम्न बमोजिमको बोल्पत्रदताहरुको बोलपत्र स्वीकृत गरिने भएकोले सार्बजनिक खरिद ऐन, २०६३ को दफा २७ उपदफा (२) तथा सोहि ऐनको दफा ४७ को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

| सि. नं. | ठेक्का नं. | निर्माण कार्यको प्रकृति | न्युनतम मुल्याङ्कीत सारभुत रुपमा प्रभावग्राही भएका बोलपत्रदाता कोनाम र ठेगाना | कबोल अंक रु. (भ्याट, कन्टिजेन्सी र PS बाहेक) |
|---|---|---|---|---|
| १ | CSGM/NCB/WORKS -03/2080/081 | Upgrading work of Chautara Bhuwagaun batase road sector, CSGM-03 | Laxmi Construction, Chautara, Sindhupalchok | २२,८४,४८६.०० |
| २ | CSGM/NCB/WORKS -04/2080/081 | Upgrading and RCC Pavment work of Tarkari Sankalan Kendra Saune Khola road sector, CSGM - 14 | Shuvam Builders, Bidur 7 Nuwakot | २२,०४,०९३.९२ |

**प्रमुख प्रशासकीय अधिकृत**
**चौतारा साँगाचोकगढी नगरपालिका**

## Shivanath Rural Municipality
### Office of the Rural Municipal Executive

**Shivanath, Baitadi**

### INVITATION FOR THE BIDS

**Date of publication: November 07th, 2023 (2080/07/21)**

1. Shivanath Rural Municipality, Office of the Rural Municipal Executive invites Electronic sealed bids from eligible bidders for the Construction of Various Project mentioned below under National Competitive Bidding.

| S.N. | Contract Identification Number | Description of Work | Total Project Cost Excluding VAT (NRs) | Bid Security (NRs) | Bid Document Price (NRs) | Remarks |
|---|---|---|---|---|---|---|
| 1 | 06/SRMUN/ WORKS/2080/081 | Basula Road Construction Works at Shivanath Ward 02 Basula | 25,64,835.70 | 75000/- | 3000/- | • Hard Copy Not Acceptable<br>• Last Date and Time of Bid Submission:- December 07th, 2023 (2080/08/21) 12:00 Noon<br>• Date and Time of Bid Opening: December 07th, 2023 (2080/08/21) 13:00 Hours |
| 2 | 07/SRMUN/ WORKS/2080/081 | Upgrading Works Of Sullekhan Sharmali Nagarjunghat Road Package 1 at Shivanath Ward 01, 02, 03 and 05 Baitadi. | 31,22,280.52 | 90000/- | 3000/- | |
| 3 | 08/SRMUN/ WORKS/2080/081 | Upgrading Works Of Sullekhan Sharmali Nagarjunghat Road Package 2 at Shivanath Ward 01, 02, 03 and 05 Baitadi. | 31,30,486.97 | 90000/- | 3000/- | |

2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at Shivanath Rural Municipality Office, Sullekhan, Baitadi, Email: ito.shivanathmun@gmail.com, Phone no.9865622964 or may visit PPMO e-GP system www.bolpatra.gov.np/egp.

3. Information to deposit the cost of bidding document in Bank: Name of the Bank: Nepal SBI Bank, Shivanath, Baitadi, Name of Office: Shivanath Rural Municipality, Office Account no.: 41895241207004 (Internal Revenue Account).The scanned copy (pdf format) of the bank deposit voucher shall be uploaded by the bidder at the time of electronic submission of the bids.

4. Electronic bids must be submitted to Shivanath Rural Municipality Office, Baitadi, through PPMO's e-GP system www.bolpatra.gov.np/egp on or before12:00 Noon on 2080/08/21 (December 07th, 2023).Bids received after this deadline will be rejected.

5. Bids must be valid for a period of 90 (Ninety) days after bid opening and must be accompanied by a bid security or scanned copy of the bid security in pdf format in case of e-bid,\amounting to a minimum of mentioned above, which shall be valid for 30 days beyond the validity period of the bid.

**Chief Administrative Officer**

### काठ/दाउरा बोलपत्रद्धारा लिलाम बिक्रीको सूचना

**प्रथम पटक सुचना प्रकाशित मितिः २०८०/०७/२१**

यस बृन्दा महिला सामुदायिक वन उपभोक्ता समूहको वन क्षेत्रबाट आ.व.२०७९/०८० मा उत्पादन भई घाटगद्दीमा मौज्दात रहेको बृक्षारोपण सिसौ जातको बिभिन्न ग्रेडको गोलिया थान २७ को १८८.१० घ.फि. गोलिया काठ जे-जस्तो अवस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानू पर्ने गरी लिलाम बिक्री गर्नूपर्ने भएकाले यो सूचना प्रकाशित गरिएको छ। काठ, दाउरामा आधारित उद्योग संचालन गर्न अनुमति प्राप्त गरी संचालनमा रहेका तथा डिभिजन वन कार्यालयमा सुचिकृत भएका उद्योगहरूले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले २१ दिनभित्र बोलपत्र खरिद गरी २२औं दिनको १२.०० बजेभित्र सिलबन्दी बोलपत्र दाखिला गर्न आब्हान गरिन्छ। यस सम्बन्धी विस्तृत जानकारीका लागी यस समूहमा सम्पर्क राख्नू हून जानकारी गराईन्छ। पूर्ण ब्यहोराको सूचना यस समूहको सूचना पाटीमा टाँस गरिएको छ।

**श्री बृन्दा महिला सामुदायिक वन उपभोक्ता समूह**
**गुलरिया नगरपालिका-४ बेचैपुर बर्दिया**

# भूकम्पप्रभावित क्षेत्रमा राहत सामग्री वितरण

**त्रिवेणी (रुकुम पश्चिम)**– रुकुम पश्चिमको सानीभेरी गाउँपालिकाले भूकम्पप्रभावित वडामा राहत सामग्री वितरणलाई तीव्रगति दिएको छ । पालिकाको वडा नं १, २ र ४ का भूकम्पपीडितलाई राहत वितरणमा तीव्रता दिएको हो ।

सोमबारसम्म प्रभावित तीनवटा वडामा १४३ त्रिपाल, म्याट २००, कम्बल २२५, डोरी २०० रोल, चामल ८७५ किलो बाँडिएको सानीभेरी गाउँपालिका प्रवक्ता पहलसिङ घर्तीले जानकारी दिए ।

त्यस्तै, एक क्विन्टल दाल, १५० लिटर तेल, नुन ८२ किलो, चिउरा छ बोरा, बिस्कुट २८ पेटी र चाउचाउ १११ पेटी राहतका रूपमा पीडितलाई वितरण गरिएको प्रवक्ता घर्तीले जानकारी दिए । हालसम्म सानीभेरी गाउँपालिकालाई विभिन्न ११ संघसंस्था तथा व्यक्तिले सहयोग गरेको गाउँपालिकाले जनाएको छ । सहयोग आउने क्रम जारी रहेको र पीडितलाई राहत वितरणको काम पनि चलिरहेको प्रवक्ता घर्तीले जानकारी दिए । सानीभेरीमा गत शुक्रबार गएको भूकम्पमा १२ जनाको मृत्यु हुनाका साथै भौतिक संरचनामा पनि ठूलो क्षति पुर्‍याएको छ ।

### प्रभावित क्षेत्रमा अस्थायी हेल्थ पोस्ट सञ्चालन

रुकुम पश्चिममा भूकम्प प्रभावित क्षेत्रमा अस्थायी हेल्थ पोस्ट सञ्चालन गरिने भएको छ । भूकम्पपीडितलाई स्वास्थ्य समस्या नहोस् र स्वास्थ्यमा समस्या आएमा उपचारको समस्या नआओस् भनेर प्रभावित क्षेत्रमा अस्थायी हेल्थ पोष्ट सञ्चालन गर्न लागिएको हो ।

सोमबार बसेको जिल्ला विपद् व्यवस्थापन समितिको बैठकबाट प्रभावित क्षेत्रमा अस्थायी हेल्थ पोस्ट सञ्चालन गर्ने निर्णय गरिएको प्रमुख जिल्ला अधिकारी हरिप्रसाद पन्तले जानकारी दिए । उनका अनुसार भूकम्प प्रभावित स्थानीय तहहरूमा अस्थायी हेल्थ पोष्टहरूको निर्माण गरिने छ । अस्थायी हेल्थ पोष्टमा एक चिकित्सक, एकजना नर्स र मेडिकल सामग्रीसहितको पाँचवटा टोली प्रभावित क्षेत्रमा पठाएको प्रमुख जिल्ला अधिकारी पन्तले जानकारी दिए ।

तत्काल स्थानीय तहका अस्पताल तथा स्वास्थ्य सेवा कार्यालयले नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल लगायतबाट खटिएको मेडिकल टोलीलाई परिचालन गर्ने बैठकले निर्णय गरेको छ । *रासस*

## गणतन्त्रवादीमा...

पष्ठ १ बाट जारी

प्रस्तावको पहिलो बुँदामै 'सार्वभौम सत्ता र राजकीय सत्ता नेपाली जनतामा निहित रही स्वतन्त्र, अभिभाज्य, सार्वभौमसत्ता सम्पन्न, धर्म निरपेक्ष, समावेशी नेपाल आजैका मितिदेखि एक संघीय लोकतान्त्रिक गणतन्त्रमा विधिवत् परिणत भएको संविधानसभाको यो पहिलो बैठक घोषणा गर्दछ,' भनिएको थियो । जुन प्रस्ताव दुई तिहाइभन्दा बढी मतले पारित भयो । अर्थात्, संविधानसभामा मतदानका लागि उपलब्ध ५६४ मध्ये २४ दलका ५६० जना सभासदले प्रस्तावको पक्षमा मत दिएका थिए । राप्रपाका चार जना सभासदले विपक्षमा मत दिएका थिए ।

यसपछि सोही राति ११:२५ मा अध्यक्ष गुरुङले सरकारको प्रस्तावमा भएको मतदानको परिणाम सुनाएका थिए र नेपाल संघीय लोकतान्त्रिक गणतन्त्र भएको घोषणा गरेका थिए । गुरुङको घोषणासँगै सभासदहरूले टेबल ठटाएर खुसीयाली मनाएका थिए । देशभरि उत्सव मनाइएको थियो । तर, गणतन्त्र स्थापना भएको छोटो अवधिमै यो व्यवस्थालाई लिएर प्रश्न उठेको छ । त्यही कारणले गर्दा गणतन्त्रवादी नेताहरू सशंकित देखिन थालेका छन् ।

## सोमबार पुनः...

पष्ठ १ बाट जारी

घाइतेको नगर अस्पतालमा उपचार भइरहेको छ । भूकम्प आउने जोखिम कायमै रहेकाले सचेत रहन नगरप्रमुख केसीले अनुरोध गरेका छन् । सोमबार पनि रामीडाँडा नै केन्द्रबिन्दु भएर परकम्प गएको केन्द्रले जनाएको छ । पटक-पटक भूकम्पको धक्का महसुस हुँदा स्थानीय झन् त्रसित हुँदै गएका छन् ।

कात्तिक १९ गते शुक्रबार राति करिब पौने १२ बजे जाजरकोटको बारेकोट गाउँपालिका-१ स्थित रामीडाँडा केन्द्रबिन्दु भएर ६.४ रेक्टर स्केलको भूकम्प गएको थियो । त्यसपछि दिन बिहान १:२२ बजे ४ रेक्टर स्केल र बिहान ४:५३ बजे ३.८ रेक्टर स्केलको परकम्प गएका थिए ।


**निक्षेप उपर हकदावी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना**

(सूचना प्रकाशित मिति २०८०/०७/२१ गते)

कृष्ण सुन्दर श्रेष्ठको नाति, गणेश लाल श्रेष्ठको छोरा, ललितपुर जिल्ला, ललितपुर नगर/न.पा/गाउँ पंचायत, वडा नं.११ स्थायी ठेगाना भई ललितपुर जिल्ला, ललितपुर म.न.पा., वडा नं.१२ बस्ने वार कृष्ण श्रेष्ठको मिति २०८०/०५/१२ मा मृत्यु भएकोले निजको नाममा यस बैंकको टंगल शाखामा र कुमारीपाटी शाखामा रहेको बचत खाताको खाता नं. १७८००६५१५२७००००२, ००९०००८०२१९००००१ र ००९०२३३०८४७००००१ मा रहेको मौज्दात रकम भुक्तानी पाऊँ भनी निज खातावालाको पत्नी सरला श्रेष्ठले यस बैंकको टंगल शाखा कार्यालयमा दावी गर्नुभएको हुँदा, उक्त निक्षेप उपर दावीकर्ता बाहेक अन्य कसैको हकदावी भए यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतिस) दिनभित्र आफ्नो हक लाग्ने व्यहोरा प्रमाणित हुने सक्कलै सवुत प्रमाण कागजसहित यस बैंकको शाखा कार्यालय टंगल, कुमारीपाटी शाखामा हकदावी गर्न आउनु होला । म्यादभित्र कसैको हकदावी नपरेमा वा रीत नपुगी परेको दरखास्त उपर कुनै कारवाही नहुने व्यहोरा समेत यसै सूचना मार्फत् जानकारी गराउँदछौं ।

कुमारी बैंक लिमिटेड
KUMARI BANK LIMITED
सबैका लागि, सधैंका लागि

शाखा कार्यालय टंगल, ललितपुर, फोन नं. ०१-५५२२७७६/५५४८३०१/५५३८०११



**अधिकृत वारेसनामा वदर गरिएको**

देवि प्रसाद मैनालीको नातिनी लक्ष्मी प्रसाद मैनालीको छोरी प्रेम कुमार श्रेष्ठको श्रीमती जि.काठमाडौं गोकर्णेश्वर न.पा.–८ बस्ने म जानुका श्रेष्ठ अ.वा.दिने र विर बहादुर लामाको नातिनी बुद्धिमान लामाको छोरी कर्ण बहादुर लामाको श्रीमती जि.दोलखा ठूलो धादिङ–४ को परिवर्तित लिशंखुपाखर गाउँपालिका–१ बस्ने सम्झना लामा अ.वा.लिने भई श्री काठमाडौं जिल्ला अदालतबाट द.नं, मिति २०८०।०४।२५ मा दोलखा जिल्ला भुषाफेदा वडा नं. ५ कि.नं. ८८१, ऐ.वडा नं. ८ कि.नं.१०७६, १०७८, १०८२, १०७०, १०७४, ऐ.वडा नं. ९ कि.नं. १२१६, १२१८ समेत ८ कित्ता जग्गा कित्ताहरु मुलुकी देवानी कार्यविधि संहिता, २०७४ को दफा १५३(२) र १५४(१) वमोजिम विक्री वितरणको लागि अ.वा.दिएकोमा उक्त अ.वा.को लिखत मुलुकी देवानी कार्यविधि संहिता, २०७४ को दफा १५५(ग) वमोजिम वदरका लागि प्रकाशित गरिएको छ। अतः यो सूचना प्रकाशित मिति देखि उक्त वारेसनामा वदर भएको जानकारी सम्बन्धित सबैलाई गराउँछु।



**निक्षेप उपर हकदावी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना**

(सूचना प्रकाशित मिति २०८०/०७/२१ गते)

चक्र राउतको नाति, हिरा बहादुर राउत/ गोमा राउतको छोरा मेनुका कुमारी कार्की (राउत) को पति भक्तपुर जिल्ला, चाँगुनारायण न.पा. वडा नं ०९ (साविक: ताथली गा.वि.स. वडा नं. ०५, भक्तपुर) बस्ने गोबिन्द राउतको मिति २०८०/०६/२४ मा मृत्यु भएकोले निजको नाममा यस बैंकको जगाती शाखा ( ताथली विस्तारित शाखा) मा रहेको बचत खाता नं.०६३०२६३०४२५००००१ मा मौज्दात रहेको रकम भुक्तानी पाऊँ भनी निज खातावालाको श्रीमतीले यस बैंक शाखामा निवेदन दिनुभएको हुँदा उक्त निक्षेप उपर निज निवेदक बाहेक अन्य कसैको हकदावी भए यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतिस) दिनभित्र आफ्नो हक लाग्ने व्यहोरा प्रमाणित हुने सक्कलै सवुत प्रमाण कागजातसहित यस बैंकको शाखा कार्यालय जगाती (ताथली विस्तारित शाखा)मा हकदावी गर्न आउनुहोला । म्यादभित्र कसैको हकदावी नपरेमा वा रीत नपुगेको दरखास्त उपर कुनै कारवाही नहुने व्यहोरा यसै सूचना मार्फत् जानकारी गराउँदछौं ।

कुमारी बैंक लिमिटेड
KUMARI BANK LIMITED
सबैका लागि, सधैंका लागि

शाखा कार्यालय जगाती, (ताथली विस्तारित शाखा), भक्तपुर
फोन नं :०१-६६१६००६/७, ०१-५०९१८१०



**निक्षेप उपर हकदावी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना**

(सूचना प्रकाशित मिति २०८०/०७/२१ गते)

भीमनरसिं छुंको नाति तुलसी कुमार छुँको छोरा तुई नानी छुंजुकी श्रीमान् भक्तपुर जिल्ला, नगदेश गा.वि.स, वडा न ५ (हाल भक्तपुर जिल्ला, मध्यपुर ठिमी न.पा. वडा न ७) बस्ने तुलसी छुं (ना.प्र.नं ५३८४, जारी मिति २०४१/१२/२०, जिल्ला प्रशासन कार्यालय, भक्तपुर) को मिति २०८०/०३/२५ मा मृत्यु भएकोले निजको नाममा यस बैंकको ठिमी शाखामा रहेको तुलसी छुंको खाता नं. १८१०२३५२०२५००००१ (०९२०००००१५५४१३),१८१०२३५२०२५००००२(०९२०००००००२४E), १८१०१९२७७५८००००१(०९२००००२४७०१०),१८१०१६७३०७१००००१ (०९२००००१२९६१३), १८१०१६७३०७१००००२, १८१०१५०१६३६००००२ मा रहेको मौज्दात रहेको रकम भुक्तानी पाऊँ भनी निज खातावालाको छोरीहरुले यस बैंकको ठिमी शाखा कार्यालयमा दावी गर्नुभएको हुँदा, उक्त निक्षेप उपर दावीकर्ता बाहेक अन्य कसैको हकदावी भए यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतिस) दिनभित्र आफ्नो हक लाग्ने व्यहोरा प्रमाणित हुने सक्कलै सवुत प्रमाण कागजसहित यस बैंकको शाखा कार्यालय ठिमीमा हकदावी गर्न आउनु होला । म्यादभित्र कसैको हकदावी नपरेमा वा रीत नपुगी परेको दरखास्त उपर कुनै कारवाही नहुने व्यहोरा समेत यसै सूचना मार्फत् जानकारी गराउँदछौं ।

कुमारी बैंक लिमिटेड
KUMARI BANK LIMITED
सबैका लागि, सधैंका लागि

शाखा कार्यालय ठिमी, भक्तपुर फोन नं :०१-६६२००४५



**युएईमा वैदेशिक रोजगारको अवसर**

कम्पनी : IMDAAD L.L.C.

पूर्व स्वीकृति मिति: २०८०/०७/२० | LT. No. 294811 | चलानी नं.६०२०९८७०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव AED | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner/general Labourer | 350 | 0 | 800 | २८,९०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Cleaner/janitress | 0 | 350 | 900 | ३२,५०० | | | | | | | |
| 3 | Life Guard | 25 | 25 | 1625 | ५८,६८० | | | | | | | |
| 4 | Office Boy | 50 | 0 | 1200 | ४३,३३५ | | | | | | | |
| 5 | Office Girl | 0 | 50 | 1200 | ४३,३३५ | | | | | | | |
| 6 | Rope Access Machine Operator | 25 | 0 | 1500 | ५४,१६५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौमा मिति: २०८० कार्तिक २८ गते (14th Nov. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Yovant Recruitment Services PVT. LTD.)**
श्रम ईजाजत नं. १६५२/०८०/०८१
Samakhushi-26, Kathamndu, Nepal Phone No.01-4973973
Mob : 9849842264, 9807938407, 9851019844, yovant1652@gmail.com



**मलेसियामा वैदेशिक रोजगारको अवसर**

कम्पनी : MAYAIR MANUFACTURING (M) SDN BHD

पूर्व स्वीकृति मिति: २०८०/०७/२० | चलानी नं. ६०२०९८५६ | LT. No.294784

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव RM | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Workers | 50 | 0 | 1500 | ४१,८६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

कम्पनी : MAGMA BUMI TRADING SDN BHD

पूर्व स्वीकृति मिति: २०७९/०५/२१ | पुन विज्ञापन स्वीकृति मिति:२०८०/०७/२० | चलानी नं. ६०१८७२१० | LT. No.271090

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव RM | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Workers | 10 | 0 | 1500 | ४१,८६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौमा मिति: २०८० कार्तिक २८ गते (14th Nov. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**SAUGAT EMPLOYMENT SERVICE PVT. LTD.**
श्रम ईजाजत नं. १२२१/०७४/०७५
Battisputali, Ram Mandir Marg, Kathmandu, Nepal, Tel: +977-01-4489384, 4589384 Mob.9851086131, 9851067178, 9813129122, E-mail : saugatemployment1221@gmail.com



**साउदीमा वैदेशिक रोजगारको अवसर**

कम्पनी : QIMMA SHAR TRADING COMPANY IS A ONE PERSON COMPANY WITH LIMITED LIABILITY

पूर्व स्वीकृति मिति : २०८०/०७/१९ | LT. No. 294500 | चलानी नं.:६०२०९८२३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव SR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | KITCHEN WORKER | 8 | 0 | 1000 | ३५,२२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौमा मिति: २०८० कार्तिक २८ गते (14th Nov. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**RECENT JOB PLACEMENT PVT. LTD**
श्रम ईजाजत नं. १३१८/७४/७५
Tokha Municipality-05, Basundhara-8, Kathmandu Tel: +977-1-439046, 4355536
Email: recentjobplacement@gmail.com.np, Website: www.recentjobplacement.com



**कतारमा वैदेशिक रोजगारको अवसर**

कम्पनी : GULF CRAFTS

पूर्व स्वीकृति मिति २०८०/०७/२० | LT. No.294786 | चलानी नं. ६०२०९८६२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव QR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Instal Technician | 2 | 0 | 1100 | ३९,९१५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Salesman | 2 | 0 | 1300 | ४७,१७५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौमा मिति: २०८० कार्तिक २८ गते (14th Nov. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Sunlight Recruitment Service Pvt.Ltd.**
Govt.Lic No:1189/073/074
Shantinagar, Kathmandu, Nepal Tel.01-4620777
E-mail: info@sunlightrecruitment.com.np, sunlightrecruitmentservice@gmail.com
Website : www.sunlightrecruitment.com.np



**युएईमा वैदेशिक रोजगारको अवसर**

कम्पनी : SIMPANI CLEANING SERVICES

पूर्व स्वीकृति मिति २०८०/०४/२६ | पुन विज्ञापन स्वीकृति मिति : २०८०/०७/२० | LT No.290777 | चलानी नं. ६०२०६००३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव AED | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner | 34 | 15 | 1100 | ३९,६८५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौमा मिति: २०८० कार्तिक २८ गते (14th Nov. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: १०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**OM OVERSEAS EMPLOYMENT PVT.LTD**
Govt. License 1518/074/075
Basundhara - 3, Kathmandu, Nepal,Tel : +977-1-5903266, 985-1105656, 9856028101, 981-6692574
E-mail : omoverseas36@gmail.com, omoverseas666@gmail.com



**मलेसियामा वैदेशिक रोजगारको अवसर**

कम्पनी : TODAYS PLASTICS INDUSTRIES SDN.BHD

पूर्व स्वीकृति मिति २०७९/०४/१४ | पुन विज्ञापन स्वीकृति मिति : २०८०/०७/२० | LT. No. 268082 | चलानी नं. ६०१८४०१६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव RM | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker (Manufacturing Sec.) | 7 | 0 | 1500 | ४१,८६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौमा मिति: २०८० कार्तिक २८ गते (14th Nov. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Aseana International Pvt. Ltd.**
Govt. License 937/067/068
Lekhnath, Marga, Nayabazar-16, Kathmandu, Nepal., Tel:- 01498950, Mob: 9841555788
Email:-aseana.manpower@gmail.com, info@asenainternational.com, Website:- www.aseanainternational.com



**कतारमा वैदेशिक रोजगारको अवसर**

कम्पनी : THAAM AL SHAAY

पूर्व स्वीकृति मिति : २०८०/०७/२० | LT. No. 294783 | चलानी नं. ६०२०९८७९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव QR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Labourer | 2 | 0 | 1200 | ४३,५२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Waiter | 2 | 0 | 1400 | ५०,७७५ | | | | | | | |
| 3 | Gen Clean Worker | 2 | 0 | 1200 | ४३,५२० | | | | | | | |
| 4 | Driver | 1 | 0 | 1400 | ५०,७७५ | | | | | | | |
| 5 | Gril. Chick Maker | 1 | 0 | 1400 | ५०,७७५ | | | | | | | |
| 6 | Dough Kender | 1 | 0 | 1200 | ४३,५२० | | | | | | | |
| 7 | Falafel Maker | 2 | 0 | 1400 | ५०,७७५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौमा मिति: २०८० कार्तिक २८ गते (14th Nov. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Jasmine Overseas Pvt. Ltd.**
श्रम ईजाजत नं.८७४/०६६/०६७
Basundhara, Dhapasi Chauki, Kathmandu,Nepal, Tel : +977-1-4365056, 4387950, 4389279, 5902950



**साउदीमा वैदेशिक रोजगारको अवसर**

कम्पनी : KAYAN GRILL RESTAURANT FOR SERVING MEALS

पूर्व स्वीकृति मिति २०८०/०७/१९ | LT. No. 294718 | चलानी नं ६०२०९८२३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव SR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Kitchen Worker | 3 | 0 | 1000 | ३५,२२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौमा मिति: २०८० कार्तिक २८ गते (14th Nov. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Janashakti International Services Pvt. Ltd.**
श्रम ईजाजत नं. ९९९/०६८/०६९
Basundhara-3, Kathmandu, Nepal. Tel: +977-1-4964020 Cell No: +977-9851093031
Email : info@jisnepal.com, Web: www.janashaktiintl.com

प्रभाव दैनिक
National Daily

म्पादकीय

## बालबालिका जोगाऔं

जाजरकोट भूकम्पमा परी ज्यान गुमाउनेमा झण्डै आधा बालबालिका छन् । शुक्रबार मध्यरातको भूकम्पमा परी ७८ जना बालबालिकाले ज्यान गुमाए । उक्त भूकम्पमा परी १५७ जनाको मृत्यु भइसकेको छ । बालबालिकापछि ज्यान गुमाउनेमा महिला र ज्येष्ठ नागरिक छन् ।

भूकम्पले सबैभन्दा बढी क्षति जाजरकोट र रुकुम पश्चिममा गरेको छ । दुवै क्षेत्रमा बालबालिका पीडित बनेका छन् । पहिलो त आपतविपद्मा सबैभन्दा कमजोरहरू नै पीडित हुन्छन् । एक त बालबालिकाको ज्यान जानु दुःखद विषय हो, अर्को महिला र पुरुषको मृत्युपछि प्रभावित बालबालिका नै हुन्छन् । बालबालिका कसैका छोरा वा कसैको छोरी हुन्छन् । वयस्क व्यक्तिहरूले ज्यान गुमाउँदा पनि पहिलो प्रभावित बालबालिका नै हुन्छन् । उनीहरूको पालनपोषणाको अभिभारा सम्हाल्दै आएका अभिभावकको ज्यान जाँदा विपद्पछि निकै अप्ठेरो पर्ने गर्छ ।

अर्को कुरा यसपटक बिदामा गाउँ पुगेका बालबालिका विपद्मा परेका छन् । गाउँमा अहिले पनि कमसल संरचना छन् । दसैं बिदा मनाउन सहरबाट गाउँ गएकाहरू धेरैजसो फर्केका छैनन् । सोही कारण पनि बालबालिका कमसल संरचनाको सिकार भएको अधिकारकर्मीहरूको तर्क छ । सरकारले यस विषयमा सत्यतथ्य बाहिर ल्याउने छ नै । विपद्पछि पनि बालबालिका जोखिममा पर्छन् । अभिभावक गुमाएका बालबालिकाले अनेकन सास्ती खेप्नुपर्छ । अभिभावक गुमाउँदा उनीहरू मानसिकरूपमा रोगी बन्ने सम्भावना हुन्छ । अर्को, उपचार र रेखदेख राम्रो नहुँदा उनीहरूले गलत बाटो समाउने उत्तिकै डर हुन्छ ।

त्यसैगरी विपन्न र असहाय बालबालिकाको प्रयोग गरी अनेकन धन्दा हुनेगर्छ । यस्तै मौका छोपी बालबालिकाको बेचबिखनसमेत हुने गर्छ । पढाउन सघाउने नाममा बाल यौनशोषण हुनेदेखि श्रम शोषणसमेत हुने गर्छ । विपद्पछि सबैभन्दा पहिले उद्धार हुन्छ । उद्धारपछि राहत, राहतपछि पुनःस्थापना र पुनर्निर्माण कार्य हुन्छ । तर बालबालिकाको अवस्थाबारे भने सरकारले कमै चासो राख्ने गरेको पाइन्छ। संवेदनशील विषय यो हो कि बालबालिकालाई जोसुकैले चाँडै प्रभावित पार्न सक्छ । त्यसैले यस्ता कार्यहरूलाई रोक्न सरकारले तत्कालै विशेष समिति बनाउनुपर्छ । विपद्मा होस् या अरु स्थान, नेपालमा बालमैत्री संरचना छैनन् । उपचारदेखि उद्धारसम्म केही पनि विषय बालमैत्री नहुँदा बालबालिका त्रसित हुने, टोलाउने गर्छन् । यस्तो विषयमा काम गर्न संघीय सरकारदेखि स्थानीय सरकारले तदारुकता देखाउनैपर्छ । बालबालिका भोलिका कर्णधार मानिन्छ । अभिभावक गुमाएका बालबालिकाको दायित्व राज्यले लिनुपर्छ । तिनलाई प्रलोभनमा पारेर कतै फसाउने काम नहोस् । यसका लागि सरकारले तुरुन्तै पहल थालोस् ।

# नेपाल–अमेरिका सम्बन्ध र परराष्ट्रमन्त्री साउदको भ्रमण



▸▸ मधुकर अधिकारी/वासिङ्टन

परराष्ट्र मन्त्रीका हैसियतमा विगत पाँच वर्षपछि अमेरिकाको भ्रमणमा आएका मन्त्री साउदले वासिङ्टन डिसीमा गरेका छलफल र भेटघाटले दुई देशबीचको सम्बन्धलाई थप मजबुत बनाउन तथा पारस्परिक सहकार्यका लागि थप मार्गप्रशस्त गर्न सफल भएको छ । उच्चस्तरको भ्रमणमार्फत भए गरेका प्रगति र हासिल गरेका उपलब्धिलाई छलफलको टेबलमा राखेर भविष्यको मार्गचित्र तय गरिनु अर्को महत्त्वपूर्ण उपलब्धि हो ।

अमेरिकाका विदेशमन्त्री एन्टोनी ब्लिंकेनको निमन्त्रणामा अमेरिका आएका परराष्ट्रमन्त्री नारायणप्रकाश साउदको भ्रमण व्यस्त कार्यतालिकाका साथ सम्पन्न भएको छ । लामो समयपछि दुई देशबीच परराष्ट्र मन्त्रीस्तरमा द्विपक्षीय वार्ता सौहार्दपूर्ण रूपमा फलदायी भएको छ ।

नेपालमा संयुक्त राष्ट्रसंघका महासचिव एन्टोनियो गुटेरेसलाई स्वागत गरेर गत सोमबार बिहान डिसी आइपुगेका मन्त्री साउदले सोही दिन अमेरिकाको विदेश मन्त्रालयमा आफ्ना समकक्षी ब्लिंकेनसँग द्विपक्षीय भेटवार्ता गरेका थिए ।

उक्त छलफलमा नेपालको आर्थिक सामाजिक विकासमा महत्त्वपूर्ण साझेदार रहेको अमेरिकाले विगत ७६ वर्षदेखि नागरिकस्तरको सम्बन्धसमेत मजबुत बनाउँदै आएको मित्रराष्ट्र अमेरिकाको प्रयासको मन्त्री साउदले प्रशंसा गरेका थिए । आफ्नो सम्बोधनका क्रममा पनि मन्त्री साउदले दूरीका हिसाबले दुई देश टाढा रहे पनि पारस्परिक सहयोगमा भने अमेरिका नेपालको एक महत्त्वपूर्ण विकास साझेदार राष्ट्र रहेको उल्लेख गरेका थिए ।

अमेरिकाले नेपालको आर्थिक, सामाजिक, सांस्कृतिक विकासमा झण्डै आठ दशकदेखि पुऱ्याउँदै आएको सहयोग महत्त्वपूर्ण रहेको छ । सन् १९५१ मा काठमाडौंमा १० हजारलाई टेलिफोन विस्तारको सहयोग गरेर अमेरिकी सहयोग नियोगमार्फत पूर्वाधार क्षेत्रमा सहयोग गर्दै आएको अमेरिकाले मलेरिया उन्मुलनदेखि कृषि विश्वविद्यालयको सुदृढीकरण हुँदै हजारौं पिस्कोर स्वयंसेवकलाई नेपालको शिक्षा, स्वास्थ्य खानेपानीलगायतका क्षेत्रमा गर्दै आएको सहयोग सामाजिक आर्थिक रूपान्तरणका लागि महत्त्वपूर्ण बन्दै आएको छ ।

### कूटनीतिक सफलता

अमेरिका नेपालको मुख्य विकास साझेदार मात्र होइन एक्काइसौं शताब्दीको द्रुतगतिमा भइरहेको सूचना प्रविधि र नवीनतम् उत्पादनमा नेपाललाई पनि हातेमालो गरेर अगाडि बढ्ने रणनीतिका साथ काम गर्दै आएको एक असल मित्रराष्ट्र पनि हो ।

विगत एक वर्षमा हेर्ने हो भने अमेरिकी र नेपालका अधिकारीहरूको भ्रमण आदानप्रदानको शृंखला देखिन्छ । हरेक महिनाजस्तो अमेरिकामा नेपालका सरकारी अधिकारी, सांसदहरूको समूह र कूटनीतिक भ्रमणको आदानप्रदान र सहकार्य जारी रहेको छ । विगत एक वर्षमा मात्र पनि युएसएआइडिकी प्रमुख प्रशासक समान्था पावर, सहायक विदेशमन्त्री डोनाल्ड लुलगायतका अधिकारीहरूले नेपालको भ्रमण गरिसकेका छन् ।

यता डिसीस्थित नेपाली दूतावासले पनि आफ्नो सक्रियतालाई बढाएर अमेरिकाको संसद्मा कंग्रेस गठन भइसकेको छ । अमेरिकी सिनेटरको भ्रमणलगायतका विषयले नेपाल र अमेरिकाबीचको कूटनीतिक सक्रियताले तीव्रता पाएको छ । ह्वाइट हाउसले आयोजना गर्दै आएको र दोस्रो पटक आयोजना भएको डेमोक्रेसी समिटमा यसै वर्ष नेपालको सहभागिताले नेपालको संविधानप्रदत्त प्रजातन्त्र, मानवअधिकार, विधिको शासन, पारदर्शिता, सुशासनका विषयमा अगाडि बढिरहेको सन्देश दिन सफल भएको छ ।

यसपटकको परराष्ट्रमन्त्रीस्तरीय भ्रमणले नेपालले आफूले हासिल गरेका प्रजातान्त्रिक अभ्यास, मानवअधिकार, स्वतन्त्र प्रेसलगायतका विषयमा आफ्ना समकक्षीसँग स्पष्ट धारणा राख्ने अवसर पाएको र यसबाट नेपालको कूटनीतिक उचाइ बढाउने एक महत्त्वपूर्ण अवसर पनि प्राप्त भएको छ ।

यसपटकको भ्रमणमा मन्त्री साउदले अमेरिकी सहयोगमा सञ्चालित परियोजनाहरूको कार्यान्वयनमा जोड दिएको पनि बताएका छन् । मन्त्री साउदले नेपालले कार्यान्वयनमा लगेको मिलेनियम च्यालेञ्ज कर्पोरेसन (एमसिसी)को सहयोगलाई समयमा सम्पन्न गरेर दोस्रो एमसिसीका लागि पनि ढोका खुल्नसक्ने सम्भावना यस भ्रमणमा औंल्याएका छन् ।

### व्यस्त भ्रमण तालिका

अमेरिकी विदेश ब्लिंकेनसँग गएको सोमबार विदेश मन्त्रालयमा भएको भेटघाटबाट सुरु भएको मन्त्री साउदले क्याबिनेट मन्त्रीसरहको पदमा रहेकी युएसएआइडिकी प्रमुख प्रशासक समान्था पावर, अमेरिकी सिनेटको वैदेशिक मामिलाका सदस्य सिनेटर क्रिश भ्यान होलेन, एमसिसीका प्रमुख कार्यकारी अधिकृत एलिस अल्ब्राइटलगायत एजेन्सीका प्रभावशाली व्यक्तिसँगको भेटघाटमा व्यस्त रहे । वास्तवमा नेपालको सामाजिक आर्थिक विकासमा यी व्यक्तित्त्वहरूको भूमिका महत्त्वपूर्ण रहने भएकाले उनीहरूसँग मन्त्री साउदले गरेका द्विपक्षीय भेट एवं आवश्यक छलफलले नेपाललाई आगामी दिनमा लाभ नै हुने अनुमान सहजै गर्न सकिन्छ ।

भ्रमणको दोस्रो दिन मन्त्री साउदले अमेरिकी इस्टिच्युट अफ पिसमा नेपालले वर्तमान अवस्थामा गरिरहेको प्रजातान्त्रिक अभ्यास, यस अभ्यासमा नागरिकको सहभागिता र नेपालको समावेशी शासन प्रणालीमा महिलाको पहुँचको मात्र चर्चा गरेनन् नेपाल-अमेरिकाबीचको सम्बन्धको सिंहावलोकनसमेत गरेका थिए । उनले नेपालको परराष्ट्र नीतिको आधारस्तम्भको रूपमा रहेको पञ्चशील र तटस्थताको सिद्धान्तलाई पालना गर्दै दुई छिमेकीको द्रुतगतिमा भइरहेको विकासका विविध पक्षहरूका बारेमा पनि औंल्याएका थिए ।

नेपालको कूटनीतिक क्षेत्रका जानकारहरू जहिले पनि नेपालको भूराजनीतिक अवस्थालाई ध्यान दिँदै सबै प्रकारका समस्याको समाधान तनाव र उत्तेजनामा नभई कूटनीतिक तरिकाबाट गर्नुपर्छ भन्ने गर्दछन् । हरेक प्रकारका समस्याहरूको समाधान छलफलबाट अर्थात् कूटनीतिक वार्ताको टेबलबाट नै गर्न सकिने उनीहरूले बताउँदै आएका छन् । कुनै पनि वाद र नाममा नेपालको कूटनीतिको छातालाई कोल्टे पार्न हुन्न भन्ने कुरामा नेपाल सदैव चनाखो हुनैपर्छ ।

राष्ट्रसंघको बडापत्रमा रहेर ऐतिहासिकरूपमा एक सार्वभौम, तटस्थ राष्ट्रका रूपमा उभिएको नेपालले आगामी दशकौंसम्म यी कुरालाई मध्यनजर राखेर विश्वमञ्चमा आफ्नो उपस्थिति जनाउनुपर्ने स्थिति छ । यो कुरालाई मनन् गर्दै मन्त्री साउदले भ्रमणका दौरानमा पनि नेपालले सदैव पञ्चशीलमा आधारित कूटनीतिमा विश्वास गर्दै आएको बताउँदै आएको छ ।

अमेरिका भ्रमणको अर्को महत्त्वपूर्ण उपलब्धिका रूपमा अमेरिकी नागरिकका तर्फबाट नेपाललाई उपहारस्वरूप प्रदान गरिएको एमसिसी परियोजनाको मुख्यालयमा नै पुगेर मन्त्री साउदले भेटघाट गर्दै एमसिसी परियोजनाले नेपालको आर्थिक सामाजिक विकासमा महत्त्वपूर्ण भूमिका निर्वाह गर्नसक्ने बताउनुका साथै यस परियोजनाका बारेमा नेपालको धारणा पनि स्पष्ट रूपमा राखेका थिए ।

यसलाई तोकिएको समयमा नै सम्पन्न गरेर नेपालमा स्वास्थ्य क्षेत्रका लागि अर्को एमसिसी लैजानुपर्छ भन्ने मान्यता राख्ने स्वतन्त्र विश्लेषकको टिप्पणी रहेको छ । यसैले यस परियोजनालाई समयमा नै सम्पन्न गरेर नेपालको पूर्वाधार विकासको एउटा नयाँ चरणमा प्रवेश गर्ने कुरामा मन्त्री साउद सफल भएको देखिन्छ ।

### लगानीका लागि अनुरोध

पछिल्ला वर्षमा नेपालको कूटनीतिमा अघि सारिएको एक अर्को अभ्यास हो आर्थिक कूटनीति । यसैलाई मध्यनजर राखेर मन्त्री साउदले अमेरिका चेम्बर अफ कमर्शका लगानीकर्तालाई भेटेर नेपालले लगानीको वातावरण बनाउन कुनै कसर नराखेको बताए । उनले सूचना प्रविधिको क्षेत्रमा लगानी गर्नका लागि एक डलरभन्दा कम अर्थात् सय रूपैयाँमा नै कम्पनी खोलेर वैदेशिक लगानी गर्न सकिने कुरालाई उठाए भने अर्कोतर्फ मुनाफा र लगानी फिर्ताका लागि पनि सरकारले लचिलो नीति अंगीकार गरेको उल्लेख गर्दै लगानीकर्ताहरूको आशंकालाई चिर्न भरमग्दुर प्रयत्न गरेका थिए ।

उनले अमेरिकी लगानीकर्तालाई कार्बन उत्सर्जनका कारणले जलविद्युत् क्षेत्रको विकासका लागि नेपाल महत्त्वपूर्ण भूमि भएको उल्लेख गरे । साथै, नेपाललाई सूचना प्रविधिको विकास गरी यसको केन्द्र बनाउन पनि उनले अनुरोध गरे । मन्त्री साउदले नेपालमा पर्यटनको प्रचुर सम्भावना भएकाले अमेरिकी लगानीकर्तालाई त्यो विषयमा पनि ध्यान दिन अनुरोध गरे ।

यहाँ रहेका नेपाली अमेरिकनहरू जसले अमेरिकाका विभिन्न क्षेत्रमा आफ्नो लगानीलाई विविधीकरण गर्दै अगाडि बढिरहेका छन् । उनीहरूलाई नेपालमा लगानी गर्न पनि मन्त्री साउदले अनुरोध गरे । सूचना प्रविधिका क्षेत्रमा काम गर्दै आएका लगानीकर्तालाई सूचना प्रविधिका क्षेत्रमा कम लगानीमा बढी लाभ लिनसमेत उनले अनुरोध गरे ।

### नेपाली 'डायस्पोरा'लाई विश्वासमा लिन प्रयत्न

अमेरिकाको करिब साताव्यापी भ्रमणका क्रममा मन्त्री साउदले अमेरिकामा बस्दै आएका विभिन्न पेसा समूहका व्यक्तित्त्वसँग छलफल गरेका थिए । खासगरी उनीहरूको चासो नेपाली मूलका अमेरिकीहरूले कसरी नेपालमा सहज तरिकाले लगानी गर्न पाउने भन्ने विषयमा मन्त्री साउदले नेपाल सरकार सबै नेपालीले हासिल गरेको सीप, आर्जन गरेको पुँजी र प्रविधि रूपान्तरणका लागि सहजीकरण गर्न सदैव तत्पर रहेको बताउँदै उनीहरूलाई मातृभूमिको रूपान्तरणलाई योगदान गर्न अपिल पनि गरे ।

मन्त्री साउदले डायस्पोरामा रहेका नेपालीको हिस्सा ठूलो भएको बताउँदै उनीहरूलाई उपलब्ध गराइने सेवासुविधाका लागि 'आउटसोर्सिङ' समेत गरेर कार्यसम्पादन गरिने बताएका थिए । सूचना प्रविधिका क्षेत्रमा अमेरिकामा क्रियाशील र लगानीकर्तासँग समेत छलफल गर्दै मन्त्री साउदले नेपाल सूचना प्रविधिको केन्द्र बनाउनका लागि तत्पर रहेको बताए । उनले नेपालमा सूचना प्रविधिको क्षेत्रमा जनशक्तिसमेत उत्पादन हुँदै गएकाले उक्त जनशक्तिलाई परिचालन गरेर काम गर्न सूचना प्रविधि क्षेत्रका व्यक्तित्त्वसँग अपिल गर्दै थिए ।

परराष्ट्र मन्त्रीका हैसियतमा विगत पाँच वर्षपछि अमेरिकाको भ्रमणमा आएका मन्त्री साउदले वासिङ्टन डिसीमा गरेका छलफल र भेटघाटले दुई देशबीचको सम्बन्धलाई थप मजबुत बनाउन तथा पारस्परिक सहकार्यका लागि थप मार्गप्रशस्त गर्न सफल भएको छ । नेपालले हासिल गरेको प्रजातान्त्रिक अभ्यास, आवधिक निर्वाचन, जनसहभागिता, मानवअधिकारको रक्षा, स्वतन्त्र प्रेसजस्ता विषयमा अमेरिका र नेपालबीच महत्त्वपूर्ण साझेदारी रहँदै आएको छ । यसलाई उच्चस्तरको भ्रमणमार्फत भए गरेका प्रगति र हासिल गरेका उपलब्धिलाई छलफलको टेबलमा राखेर भविष्यको मार्गचित्र तय गरिनु अर्को महत्त्वपूर्ण उपलब्धि हो ।

नेपालको मित्रराष्ट्र रहेको अमेरिकाले नै सन् १९५० को दशकमा नै नेपाललाई संयुक्त राष्ट्रसंघको सदस्यता दिलाउनका लागि महत्त्वपूर्ण पहल गरेको हो । नेपाल र अमेरिकाले विभिन्न विषयमा विविध अन्तर्राष्ट्रिय फोरममा सहकार्य पनि गर्दै आएका छन् । त्यसबाहेक नेपाललाई ठूलो परियोजनामा अनुदान दिएर नेपालको आर्थिक सामाजिक विकासमा अमेरिकाले खेल्दै आएको भूमिका पनि प्रशंसनीय नै छ । यसका अतिरिक्त पछिल्ला दशकमा दुई देशबीचको नागरिकस्तरको सम्बन्ध पनि विस्तारित हुँदै गएको छ । *रासस*

## मननयोग्य

### चाणक्य नीति

रातो पहिरनमा सजिएका कम उमेरका युवतीने राजदरवारको व्यवस्था गरिरहेका चाणक्यले देखे पातलो बस्त्र पहिरन र तिनका चञ्चल यौवनले राजमहलमा बसेका व्यक्ति र आउने जानेलाई आकर्षित पारिरहेका थिए । केही समयपछि मुख्य प्रहरीले घोषणा गऱ्यो-मगधका शक्तिशाली महाविद्वान्, महामात्य राक्षस आउँदैछन् । राक्षसको प्रवेश, आयुको प्रभाव उसमा थिएन । अग्लो शरीर ठुलो उठेको निधार, लामो केश, तेजिला आँखा राजषि पहिरनले गर्वित हिँडाइ । सतर्क दृष्टिले उनले सबैतिर हेरे नन्दका आसनको छेउमा रहेको अगाडिको मुख्य आसनमा बसे ।

केही समयपछि फेरि घोषणा भयो-राज्यकिशोरमणि मगधाधिपति महाराज महापद्मानन्दको सवारी हुँदैछ । नन्दको प्रवेशमा सबै दरबारिया उभिए । सेतो कलाप, भद्दा शरीर, लोलाएका आँखा, गलामा मोती र मणिकका माला, शिरमा रत्नजडित मुकुट, खुट्टा लर्बराउँदै दरबारमा नन्दको प्रवेश भयो । उनका अगल-बगलमा नवयौनाहरू उत्तेजक पहिरनमा सजिएर हिँडिरहेथे । दरबारको बीचमा दिव्य सिंहासनमा नन्द बसे ।

आफ्नो जन्मभूमि मगधको वैभव देखेर चाणक्य मन्त्रमुग्ध भए । १५-१६ वर्षको उमेरमा मगध छाडी तक्षशिला जाँदाको कलिलो अवस्था र अब लगभग ३० वर्षपछि मगध प्रवेश गर्दाका बीचको पर्याप्त अन्तरको अनुभव उनले गरिरहे। यतिकैमा कतिखेर मगधको राजधानीमा आइपुगियी. भन्ने पतै लागेन, रथ रोकिएपछि मात्र चाणक्यले आफू मगधको राजधानीभित्र पुगेको थाहा पाए ।

मगधको राजमहलले आफ्नो कथा आफै भनिरहेथ्यो । राता, सेता सँगमर्मरमा अनुपम वास्तुकलायुक्त कलाकृतिहरू नै यसका प्रमाण थिए राजमहलमा । व्यवस्थित ठाउँमा बगैंचा र फोहराले महलको शोभा दुई गुणा बढाएको थियो । राजमहल जाने बाटाका धेरै ठाउहरूमा हतियारले सुसज्जित सैनिक सतर्क भई खडा थिए ।

रथ रोकिनासाथ चाणक्य ओर्लिए, साथै शकटार पनि शकटारसँगै उनले राजमहलमा प्रवेश गरे । पहरीले शकटारलाई अभिवादन गरे, राजदरवारमा अतिथिहरू बस्ने आसनपट्टि चाणक्यलाई बसाले । शकटार आफू स्वयंम् भने राजकीय व्यक्तिपट्टिको पंक्तिको अलग आसनमा बसे ।




## भूकम्प, टुरिस्ट र पीडितको आँशु

मध्यरात जमिन थरथरी कापिरहन्छ । मस्त निद्रामा छन् मान्छेहरू । सातै बजे ओछ्यानमा पुग्ने गाउँलाई बत्ती दिन कञ्जुस्याइँ गरेका छन् कुलमानले । अहिले हैन उहिलेदेखि । बिजुली पोल हाल्दा सिन्दुरेजात्रा गर्ने गाउँलेहरूले राति १० बजेदेखि जूनकै उज्यालोमा भर पर्नुपर्ने थियो ।

यो शुक्रबार भन्ने बार पनि कस्तो कस्तो ! २०५८ को जेठ १९ गते दरबार रक्तरञ्जित गरेको थियो । अहिले फेरि उही शुक्रबार माटाका घरभित्रै सयौं पुरिन पऱ्यो । 'मध्यरातमा उज्यालो भइदिएको भए पनि बाँच्न सक्थे नि धेरै मान्छे !,' रंगवीर काका भन्दै थिए, 'क्या अर्छौ, दिन आयापछि कसको क्या लाग्न्या रैछ र ।'

उता इजरायलमा पनि उही शुक्रबारको राति नै हमासले धमास गरिदिँदा १० जना नेपालीले ज्यान गुमाउनुपरेको थियो । यता त घरले पनि थिच्यो भाग्यले पनि थिच्यो । रंगवीर काका आँखाभरि आँशु गर्दै बञ्चराले चिरेर आधा पारेको दाउराको चिर्कटोजस्तै बनेको घर देखाउँदै भन्दै थिए । 'ऊऽ त्यहाँ हेर यस्तो हरिविजोग भएको छ । पछाडिको झ्यालबाट हाम्फालेर बाँचे । तर अरुलाई गुहार लगाउँदै लगाउँदै सबैलाई थिचिगो,' उनी भक्कानिन थाले ।

एक-दुई कान मैदान भनेजस्तै भूकम्पले त्यहाँमात्र हल्लाएको थिएन ! धेरै जिल्ला हल्लाको थियो । कति सुतेर बसे, कतिले पत्तै पाएनन् कति ज्यान जोगाउन ओछ्यान छाडेर भागाभाग पनि गरेका थिए । मध्यरातदेखि नै सामाजिक सञ्जाल रंगिन थालेको थियो । मिस्डकल, झट्का, माया कुन्नि के-के अनेकर्थमा ।

'अगुल्टाले हानेको कुकुर बिजुलीदेखि पनि तर्सन्छ' भनेजस्तै १२ वैशाख २०७२ ले सबैलाई सताएको थियो । केही हप्ता अगाडिमात्र बझाङलाई जिस्काएको थियो । पटक-पटक झट्का दिई नै रहेको थियो । अहिले हल्लेको हल्यै गरिरहेको छ । शनिबार बिहानै 'गाइने किरा' जस्तै गरी हेलिकप्टर आकाशमा फन्को मार्दै थियो । हरियो किराले फन्को मारेपछि गरिब जनतामा आशा त थियो । हरेकका घरबारीमै मिलेको थियो । सग्ला घर देखिन मुश्किल नै थियो ।

भुइँ हल्लिएर प्यालेस्टाइनको गाजाजस्तै देखिने गरी ध्वस्त भएका माटाले बनेका ती घरहरू भत्किएर धुलाम्यै थियो । धूलो उडि नै रहेको थियो । गाजामा इजरायलले प्रहार गरेको रकेटले निस्किएको धुँवाको मुस्लोजस्तो ।

देशमा संकट आइपर्दा मन नदुख्ने को नै हुन्छ । पहिरोले पहाड भत्काउँदा तराईलाई निकै पीडा हुन्छ । तराईलाई बाढीले डुबाउँदा पहाडमा आँशु झर्छ । शनिबार बिहानै मटचांग्रोले प्रविधिको प्रयोग गर्न किन छाड्थ्यो र ? उता रंगवीर काकाहरूको अवस्था जान्न चाहिरहेको थियो । उता मुग्लानबाट आउँदा उपहार पाएको हावा चिट्ठी (स्मार्ट फोन) मा नम्बर दबाउन थाल्यो ।

रंगवीर काकाहरूले नै चुनाउमा जिताएर पठाको अनि परऽदेशको अर्थमन्त्री पनि भाका वेदराज सिंहको हावा चिट्ठीले एकैपटकमा उत्तर दिइहाल्यो 'हजुर मर्जी होस्, यहाँ त विजोग छ ।' अरु बोल्न सक्ने आँट मटचांग्रालाई पनि आएन । 'सुरक्षित भएर सेवा गर्नू । विपद्ले यो मेरो यो तेरो पनि भन्दैन । को ठूलो को सानो पनि भन्दैन । दैवी प्रकोप र विपद्बाट क्षति न्यूनीकरण गर्ने हो जोखिमबाट बच्ने हो,' उताबाट उत्तर आयो । हवस् हजुर धन्यवाद ।

मान्छेले अरु त के नै गर्न सक्छ र ? 'दिएर आफ्नो, खौरिएर मसिनो' कहाँ हुने हो र ? सबैभन्दा ठूलो कुरा त मन नै हो नि । धन जति नै ठूलो भए पनि मन सानो छ भने के काम लाग्ने रैछ र ? रंगवीर काकाका गाउँमा अहिले 'टुरिस्ट' धमाधम गइरहेका छन् । बहत्तर सालमा गोर्खादेखि सिन्धुपाल्चोकसम्म जानेहरू पुगेका छन् कि छैनन् थाहा छैन । दुई-चारवटा बिस्कुट र चाउचाउका पोका बोकेर सामाजिक सञ्जालमा छाउने टुरिस्टहरूलाई रोक्नुपर्छ ।

जहाँका नागरिकको गाँस, बास र कपास नै सकिएको छ त्यहाँ टुरिस्ट होइन राज्यसत्ताले नै चाँजोपाँचो मिलाउने हो । पीडितको आँशु पुछ्ने काम गर्ने हो । तर, अहिले त्यस्तो छैन । विपद्का बेला धेरैको कमाउने मेलो बन्ने गरेको छ । मटचांग्राले रंगवीर काकालाई त्यही भनेका छन् । चुनाउ जितेर जानेलाई पनि त्यही सुझाएका छन् । मान्ने पो कसले हो र !

लाखौं खर्चिएर गाइने किरा चढेर टुरिस्टहरू जानुभन्दा गाइने किरा चढ्ने फजुल खर्चले चिसो सिरेटोबाट बच्न न्यानो कपडा पठाइदिए हुन्न र ? आफैं जानैपर्ने हो र ? के त्यहाँ राज्यको कुनै अंग छैन र भएभरका टुरिस्ट जानुपर्ने ? तँ पहिला कि म पहिला भन्ने बेला हो र ? पक्कै पनि हुँदै होइन । यो त संकटको बेला हो । उद्धारको समयमा हो त्यसपछि राहतका अनि विकास कुरा होला नि ?

रंगवीर काका भन्दै छन्, 'कत्ति कष्टले बनाएको त्यो घर एकै छिनमा स्वाहा बनाइदियो । अब के गर्ने ? कसरी बनाउने ?' मटचांग्राको बोली फुट्न सकेको छैन । बहत्तरमा यसैगरी ध्वस्त भएका घरहरू अहिलेसम्म बनेका छैनन् तपाईंको के बन्ला र रंगवीर काका भन्न पनि सकिरहेको छैन !

विदेशबाट आएका टुरिस्टदेखि स्वदेशका टुरिस्टले हल्लाखल्ला धेरै गरे तर, पीडितको आँशु चुहिएको चुहियै । बहत्तरकाले समेत एउटा टेको लगाउन सकेका छैनन् । तर तिनै पीडितको आँशु देखाएर आएको अर्बौं रूपैयाँ खै कसको ढुकुटीमा गएर भरियो ? दामासाही गरेर बाँडेको भए पनि सबैका घर हुन्थे । तर उही गाइने कीरा चढ्ने र तारे होटलमा छल गरेर फल खानेहरूले नै सत्यानाश पारिदिए ।

धेरैको कथा एउटै छ । व्यथा उस्तै छ । मन चकमन्न छ । बोल्नेको पीठो बिक्ने, नबोल्नेको चामल पनि नबिक्ने गतिछाडा व्यवस्थामा कसले पो न्याय पाउँछ र ? पीडितको आँशु पुछ्ने होइन त्यही आँशुलाई बेचेर खानेहरूकै चकाचक छ । भूकम्प, टुरिस्टहरूले पीडितको आँशुमा अझै आँशु बढाउने काम पो गर्दै छन् कि ? त्यसै ऊबेलामा भनिएको हैन रहेछ, 'दुःखीको घरमा मात्र तेरो बास हुने भए, हे ईश्वर मलाई अझ दुःख दे !'

# सूचना ! सूचना !! सूचना !!!

## प्रकाशित मिति : २०८०/०७/२१ गते

उपरोक्त सम्बन्धमा यस **केमिड्रग ईण्डष्ट्रिज प्रा.लि.** बाट उत्पादित निम्न अनुसारका औषधीहरूको आ.व.८०/८१ को लागि वजार दररेट तथा बिक्री मूल्य निर्धारण गरी यो दररेट राष्ट्रियस्तरको राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित गरिएको छ । यदि उक्त औषधीहरू कुनै संघसंस्था वा नेपाल सरकारअन्तर्गतका कार्यालयहरूले खरिद गर्नुपरेमा यस उद्योगको आधिकारिक बिक्रेता **श्री बंगलामुखी मेडिसिन सप्लायर्स प्रा.लि.**बाट खरिद गर्न सक्नुहुनेछ भनी यो सूचना प्रकाशित गरिएको छ ।

| S N. | Particulars | Forms | Strength | Unit | T-Unit | Pack | MRP | Sales Rate |
|---|---|---|---|---|---|---|---|---|
| 1 | Adrenaline (as hydrochloride or acid tartrate) | Injection | 1:1000m | Ampul | 5 | 1x5amp | 119.20 | 130.04 |
| 2 | Allopurinol | Tablet | 100 mg | Tab. | 100 | 10x10 | 600.00 | 654.54 |
| 3 | Allopurinol | Tablet | 300mg | Tab. | 100 | 10x10 | 1,300.00 | 1,418.17 |
| 4 | Aminophylline | Injection | 25mg/ml | Ampul | 5 | 1x5amp | 100.00 | 109.09 |
| 5 | Amitriptyline (hydrochloride) | Tablet | 10 mg, | Tab. | 200 | 10x20 | 500.00 | 545.45 |
| 6 | Amitriptyline (hydrochloride) | Tablet | 25 mg | Tab. | 200 | 10x20 | 700.00 | 763.63 |
| 7 | Amlodipine | Tablet | 5mg | Tab. | 100 | 10x10 | 500.00 | 545.45 |
| 8 | Amoxycillin | Tablet (DT) | 250 mg | Tab. | 100 | 10x10 | 392.00 | 427.63 |
| 9 | Amoxycillin | Capsule | 500mg | Cap. | 200 | 10x20 | 1,600.00 | 1,745.44 |
| 10 | Amoxycillin | Syrup | 125mg /5ml | Phyl | 1 | 1 | 125.00 | 136.36 |
| 11 | Aspirin | Tablet | 50/75 mg | Tab. | 250 | 10x25 | 250.00 | 272.73 |
| 12 | Atenolol | Tablet | 50mg | Tab. | 100 | 10x10 | 500.00 | 545.45 |
| 13 | Atorvastatin (as calcium trihydrate) | Tablet | 10mg | Tab. | 100 | 10x10 | 1,000.00 | 1,090.90 |
| 14 | Atropine (as sulphate) | Injection | 0.6mg/ml | Ampul | 5 | 1x5amp | 50.00 | 54.55 |
| 15 | Azithromycin | Tablet | 250 mg | Tab. | 30 | 6x5 | 525.00 | 572.72 |
| 16 | Azithromycin | Tablet | 500 mg | Tab. | 60 | 3x20 | 1,800.00 | 1,963.62 |
| 17 | Ceftriaxone | Injection | 1g/vial | Vial | 1 | 1 | 90.00 | 98.18 |
| 18 | Cetirizine (Hydrochloride) | Tablet | 10mg | Tab. | 250 | 25x10 | 750.00 | 818.18 |
| 19 | Cetirizine (Hydrochloride) | Susp 30ml | 5mg/5ml | Phyl | 1 | 1 | 40.00 | 43.64 |
| 20 | Charcol Activated | Powder | 10gm/sachet | Pkt | 1 | 1 | 50.00 | 54.55 |
| 21 | Chlorpromazine (as hydrochloride) | Tablet | 100mg | Tab. | 100 | 10x10 | 400.00 | 436.36 |
| 22 | Ciprofloxacin (as hydrochloride) | Tablet | 500mg | Tab. | 100 | 10x10 | 800.00 | 872.72 |
| 23 | Ciprofloxacin (as hydrochloride) | Eye/Ear Drop | 0.3% w/v 5ml | Phyl | 1 | 1 | 30.00 | 32.73 |
| 24 | Ciprofloxacin (as hydrochloride) | Infusion | 200mg/ 100ml | Vial | 1 | 1 | 88.00 | 96.00 |
| 25 | Clotrimazole | Skin Cream 25g | 1% w/w | Tube | 1 | 1 | 70.00 | 76.36 |
| 26 | Clotrimazole | Pessary Tab | 100mg | Tab. | 60 | 10x6 | 450.00 | 490.91 |
| 27 | Cloxacillin | Tablet/Caps | 250 mg | Tab. | 100 | 10x10 | 500.00 | 545.45 |
| 28 | Cloxacillin | Tablet/Caps | 500mg | Tab. | 100 | 10x10 | 1,200.00 | 1,309.08 |
| 29 | Cloxacillin | Syrup | 125mg /5ml | Phyl | 1 | 1 | 130.00 | 141.82 |
| 30 | Compound Solution of Sodium Lactate | Infusion | RL, 500ml | Bottle | 1 | 1 | 55.00 | 60.00 |
| 31 | Dexamethasone (as Sodium Phosphate) | Injection 2ml | 4mg/ml | Vial | 10 | 1x10vail | 200.00 | 218.18 |
| 32 | Dextrose Solution | Infusion | 5% w/ v 500ml | Bottle | 1 | 1 | 45.00 | 49.09 |
| 33 | Diazepam | Tablet | 5mg | Tab. | 50 | 10x50 | 250.00 | 272.73 |
| 34 | Diazepam | Injection | 5mg/ml, 2ml | Ampul | 1 | 1x5amp | 35.00 | 38.18 |
| 35 | Diclofenac (Sodium) | Injection 3ml | 25mg/ml | Ampul | 1 | 1 | 7.77 | 8.48 |
| 36 | Digoxin | Tablet | 0.25mg | Tab. | 100 | 10x10 | 1,200.00 | 1,309.08 |
| 37 | Doxycycline hydrochloride | Capsule | 100mg | Cap. | 100 | 10x10 | 400.00 | 436.36 |
| 38 | Enalapril | Tablet | 2.5mg | Tab. | 100 | 10x10 | 230.00 | 250.91 |
| 39 | Enalapril | Tablet | 5mg | Tab. | 100 | 10x10 | 400.00 | 436.36 |
| 40 | Ferrous Sulphate+Folic Acid | Tablet | 60mg elemental Iron+400mcg Folic Acid | Tab. | 500 | 10x50 | 750.00 | 818.18 |
| 41 | Fluconazole | Tablet | 150mg | Tab. | 80 | 4x20 | 1,920.00 | 2,094.53 |
| 42 | Fluxetine (as hydrochloride) | Capsule | 10mg, 20mg | Cap. | 200 | 10x20 | 3,000.00 | 3,272.70 |
| 43 | Folic Acid | Tablet | 5mg | Tab. | 250 | 25x10 | 500.00 | 545.45 |
| 44 | Frusemide | Tablet | 40mg | Tab. | 100 | 10x10 | 100.00 | 109.09 |
| 45 | Frusemide | Injection | 10mg/ml, 2ml | Ampul | 5 | 1x5amp | 75.00 | 81.82 |
| 46 | Gentamycin Sulphate | Injection | 40mg/ml in 2ml | Vial | 5 | 1x5amp | 135.00 | 147.27 |
| 47 | Gentian Violet | 1% Solution | 10ml | Phyl | 1 | 1 | 20.00 | 21.82 |
| 48 | Glimperide | Tablet | 2mg | Tab. | 100 | 10x10 | 860.00 | 938.17 |
| 49 | Hydrochlorothiazide | Tablet | 12.5mg | Tab. | 100 | 10x20 | 600.00 | 654.54 |
| 50 | Hydrochlorothiazide | Tablet | 25mg | Tab. | 100 | 10x10 | 750.00 | 818.18 |
| 51 | Hydrocortisone | Powder for Injection | 100mg/vial with WFI | Vial | 1 | 1 | 125.00 | 136.36 |
| 52 | Hyoscine Butylbromide | Tablet | 10 mg | Tab. | 100 | 10x10 | 1,700.00 | 1,854.53 |
| 53 | Hyoscine Butylbromide | Tablet | 20mg | Tab. | 100 | 10x10 | 2,400.00 | 2,618.16 |
| 54 | Hyoscine Butylbromide | Injection | 20mg/ml | Ampul | 5 | 1x5amp | 165.00 | 180.00 |
| 55 | Ibuprofen | Tablet | 400 mg | Tab. | 250 | 10x25 | 500.00 | 545.45 |
| 56 | Levothyroxin | Tablet | 25mcg | Tab. | 28 | 1x28 | 56.00 | 61.09 |
| 57 | Levothyroxin | Tablet | 50mcg | Tab. | 28 | 1x28 | 359.24 | 391.89 |
| 58 | Lignocaine (Hydrochloride) | Injection 30ml | 1% with Adrenaline, 2% Plain w/v | Vial | 5 | 1x5amp | 287.80 | 313.96 |
| 59 | Metformin | Tablet | 500 mg | Tab. | 250 | 10x25 | 500.00 | 545.45 |
| 60 | Metoclorpropamide | Injection 2ml | 5mg/ml | Ampul | 1 | 1x10amp | 35.00 | 38.18 |
| 61 | Metronidazole | Infusion | 500mg/ 100ml | Phyl | 1 | 1 | 37.00 | 40.36 |
| 62 | Metronidazole | Tablet | 400mg | Tab. | 250 | 10x25 | 1,125.00 | 1,227.26 |
| 63 | Metronidazole | Susp | 200mg/5ml, 60ml | Phyl | 1 | 1 | 39.00 | 42.55 |
| 64 | Oral Rehydration Solution (ORS) | Powder | WHO Formula- Sachet/Ltr. | Pkt | 1 | 1 | 10.00 | 10.91 |
| 65 | Oxymetazoline | Nasal Drop | 0.05%, 5ml | Phyl | 1 | 1 | 120.00 | 130.91 |
| 66 | Oxytoxin | Injection | 5iu, 1ml | Ampul | 10 | 1x10amp | 300.00 | 327.27 |
| 67 | Paracetamol | Tablet | 500mg | Tab. | 500 | 10x50 | 500.00 | 545.45 |
| 68 | Permithrin Lotion | Cream, 30gm | 5% w/w | Tube | 1 | 1 | 70.00 | 76.36 |
| 69 | Pheniramine | Injection 2ml | 22.75mg/ml | Ampul | 5 | 1x5amp | 125.00 | 136.36 |
| 70 | Phenobarbitone | Tablet | 30mg | Tab. | 1200 | 40x30 | 3,600.00 | 3,927.24 |
| 71 | Povidone Iodine | Liquid | 5% w/v, 500ml | Bottle | 1 | 1 | 250.00 | 272.73 |
| 72 | Pralidoxim Sodium (mesilate, chloride or Iodine) | Injection, 2ml | 500mg | Ampul | 5 | 1x5amp | 1,000.00 | 1,090.90 |
| 73 | Prednisolone | Tablet | 5 mg | Tab. | 500 | 10x50 | 1,500.00 | 1,636.35 |
| 74 | Prednisolone | Tablet | 10mg | Tab. | 500 | 10x50 | 2,500.00 | 2,727.25 |
| 75 | Promethazine Hydrochloride | Tablet | 25mg | Tab. | 100 | 10x10 | 300.00 | 327.27 |
| 76 | Ranitidine (as hydrochloride) | Tablet | 150mg | Tab. | 100 | 10x10 | 200.00 | 218.18 |
| 77 | Ranitidine (as hydrochloride) | Injection | 25mg/ml, 2ml | Ampul | 10 | 1x10amp | 100.00 | 109.09 |
| 78 | Resperidone | Tablet | 1mg | Tab. | 100 | 10x10 | 450.00 | 490.91 |
| 79 | Resperidone | Tablet | 2mg | Tab. | 100 | 10x10 | 700.00 | 763.63 |
| 80 | Salbutamol | Tablet | 4mg | Tab. | 200 | 10X20 | 200.00 | 218.18 |
| 81 | Silver Sulphadiazine | Cream, 25g | 0.2% w/w | Tube | 1 | 1 | 75.00 | 81.82 |
| 82 | Sodium Chloride | Infusion | 0.9%, 500ml | Bottle | 1 | 1 | 45.00 | 49.09 |
| 83 | Thaimine | Tablet | 100mg | Tab. | 100 | 10x10 | 1,000.00 | 1,090.90 |
| 84 | Tinidazole | Tablet | 500mg | Tab. | 100 | 10X10 | 500.00 | 545.45 |
| 85 | Trihexyphenidyl (as hydrochloride) | Tablet | 2mg | Tab. | 100 | 10x10 | 1,100.00 | 1,199.99 |
| 86 | Valproic Acid (as sodium salt) | Tablet | 200 mg | Tab. | 300 | 15x20 | 2,250.00 | 2,454.53 |
| 87 | Valproic Acid (as sodium salt) | Tablet | 300 mg | Tab. | 300 | 15x20 | 3,300.00 | 3,599.97 |

## फिल्म 'दिमाग खराब' सेन्सर पास

फिल्म 'दिमाग खराब' सेन्सर पास भएको छ । चलचित्र सेन्सर बोर्डले फिल्मलाई सबैले हेर्न मिल्ने प्रमाण पत्र (युनिभर्सल) दिँदै पास गरेको हो । चलचित्र सेन्सर बोर्डले फिल्मको प्रशंसा गर्दै बिना काटछाट जस्ताको तस्तै पास गरेको निर्माता रौनक बिक्रम कँडेलले बताए । उनले सेन्सरको प्रतिक्रियाले आफूहरू उत्साहित रहेको सुनाए । फिल्मको निर्देशन निश्चल बस्नेतले गरेका हुन् । फिल्म 'लुट' देखि नै निर्देशक बस्नेतको सेन्सर बोर्डसँग ३६ को आंकडा छ । फिल्म यही शुक्रबार (कात्तिक २४ गते) बाट सार्वजनिक प्रदर्शनमा आउँदैछ ।




# भैरवबहादुरसहित पाँच फिल्मकर्मीलाई 'इनास विशिष्ट सम्मान'

■ प्रभाव संवाददाता

**काठमाडौं** – नेपाली फिल्ममा प्रथम नृत्य निर्देशक भैरवबहादुर थापा, वरिष्ठ गीतकार किरण खरेल, वरिष्ठ गायिका मिरा राणा, वरिष्ठ अभेनता कृष्ण मल्ल, अभिनेत्री शर्मिला मल्ल एकसाथ सम्मानित भएका छन् । अन्तर्राष्ट्रिय नेपाली कलाकार समाज (इनास) को पाँचौं ग्लोबल सम्मेलन सबै कलाकारलाई 'इनास विशिष्ट सम्मान २०२३' द्वारा सम्मान गरिएको हो ।

कार्यक्रममा मन्त्रिपरिषद्का पूर्व अध्यक्ष तथा पूर्व प्रधानन्यायाधीश खिलराज रेग्मी, ग्लोबल अध्यक्षमा रामचन्द्र थापा लगायतले सबैलाई फूलमाला तथा सम्मान पत्रले प्रदान गरे । कार्यक्रममा मन्त्रिपरिषद्का पूर्व अध्यक्ष तथा पूर्व प्रधानन्यायाधीश रेग्मीले नेपाली भाषा, कला तथा संस्कृतिलाई विश्वव्यापी रूपमा संरक्षण तथा सम्वर्द्धन गर्ने इनासले महत्त्वपूर्ण भूमिका खेलेको बताए ।

चलचित्र कलाकार संघका अध्यक्ष मोहन निरौलाले कलाकार संघ इनाससँग सहकार्य गरेर अगाडि बढ्न तत्पर रहेको बताए । अभिनेता कृष्ण मल्लले आफू सम्मान लिन आएको भन्दा पनि सम्मान गर्न आएको बताउँदै इनासले नेपाली कला संस्कृतिलाई विश्वभर फैलाउन सफल भएको बताउँदै इनासलाई अझै सशक्त भएर अगाडि बढ्न शुभकामना दिए ।

महाधिवेशनले ग्लोबल अध्यक्षमा रामचन्द्र थापा (अस्ट्रेलिया) सर्वसम्मत रूपमा निर्वाचित गरेको छ । जसमा वरिष्ठ उपाध्यक्षमा साबु गदाल कार्की (अमेरिका) मित्रलाल पार्दे (पोल्यान्ड), अर्जुन काफ्ले (बेल्जियम), मनिषकुमार श्रेष्ठ (बेलायत), राधी क्षेत्री (इटाली) रहेका छन् । त्यसैगरी महासचिवमा राजमान तामाङ (डेनमार्क), सचिवमा आनन्दु लामा (अमेरिका) कोषाध्यक्षमा कुलराज थापा (नेपाल) रहेका छन् ।

क्षेत्रीय संयोजकहरूमा प्रकाश तिवारी (युरोप) रूपा न्यौपाने (दक्षिण एसिया), कन्हैयासिङ्ग परियार (उत्तर अमेरिका) रहेका छन् । सह-संयोजकहरूमा श्याम श्रेष्ठ (युरोप) रहेका छन् भने बाँकी केही पदहरू हालका लागि रिक्त राखिएको ग्लोबल समितिले जनाएको छ ।



इनासले प्रत्येक २ वर्षमा गर्ने ग्लोबल सम्मेलनका अवसरमा कार्य कुशलताको उच्च मूल्याङ्कन गर्दै एक क्षेत्रीय समिति र १ राष्ट्रिय समितिलाई उत्कृष्ट इनास सम्मानद्वारा सम्मान गर्दै आएको छ । जसअनुसार यस पटक जर्मनी राष्ट्रिय समिति र युरोप क्षेत्रीय समितिले इनास उत्कृष्ट सम्मान २०२३ प्राप्त गरेका छन् । इनास उत्कृष्ट राष्ट्रिय समिति जर्मनीको सम्मान इनास जर्मनीका पूर्व सल्लाहकार मदन दाहाल तथा इनास युरोप राष्ट्रिय समितिले प्राप्त गरेको सम्मान इनास युरोपका संयोजक प्रकाश तिवारीले ग्रहण गरे । इनास नेपालका अध्यक्ष दयाराम पाण्डेले स्वागत मन्तव्य राखेको कार्यक्रममा पूर्ण लामाको समुहले नृत्य, गायिका माण्डवी त्रिपाठी र सरोज साजन श्रेष्ठले गायन प्रस्तुत गरेका थिए ।

## रंगशाला

# टी-२० विश्वकपमा पुगेको नेपाली टोलीलाई ५० लाख दिने क्यानको घोषणा



**काठमाडौं (प्रस)**– नेपाल क्रिकेट संघ क्यानले टी-२० विश्वकपमा छनोट हुने राष्ट्रिय टिमलाई ५० लाख रूपैयाँ नगद पुरस्कार दिने घोषणा गरेको छ । सोमबार बसेको क्यानको बोर्ड बैठकले टोलीलाई ५० लाख रूपैयाँ दिने निर्णय गरेको क्यानका सचिव पारस खड्काले बताए ।

काठमाडौंमा भएको टी-२० विश्वकपमा छनोटको सेमिफाइनलमा यूएईलाई हराउँदै नेपाल आउँदो वर्ष अमेरिका र वेष्ट इण्डिजमा हुने विश्वकपमा छनोट भएको थियो । तर फाइनलमा भने नेपाल ओमानसँग पराजित भएको थियो ।

यस्तै बैठकले एसीसी यू-१९ प्रिमियर कप विजेता टोलीका सम्पूर्ण सदस्यलाई जनही ५० हजार रूपैयाँ नगद पुरस्कार दिने निर्णय पनि गरेको छ । बैठकले हङकङमा हुने महिला टी-२० आई सिरिजमा नेपाली राष्ट्रिय महिला टिमले सहभागिता जनाउने निर्णय पनि गरेको खड्काले विज्ञप्ति निकालेर जानकारी दिएका छन् । बैठकले विश्वकप छनोटको फाइनलमा नेपाल र ओमानबीचको खेलमा टिकटबाट उठेको रकमको ५० प्रतिशत रकम जाजरकोटमा गएको भूकम्पबाट प्रभावितहरूलाई सहयोग गर्ने निर्णय पनि गरेको खड्काले बताए ।

# गणेशमान सिंह राष्ट्रिय टेनिस कमल थापा सेमिफाइनलमा

**काठमाडौं (प्रस)**– राप्रपा नेपालका अध्यक्ष कमल थापाले तेश्रो वीर गणेशमान सिंह राष्ट्रिय टेनिस प्रतियोगिताको ५५ वर्षमाथि पुरुष सिंगल्समा सेमिफाइनलमा स्थान पक्का गरेका छन् । ५५ वर्षमाथि पुरुष सिंगल्समा थापासँगै विमलकुमार गुरुङ, सुशील पाण्डे र जीवन घिमिरेले सेमिफाइनलमा स्थान पक्का गरेका हुन् ।

५५ वर्षमाथि पुरुष डबल्समा सुवर्ण धाक्वा र कृष्णराज घले तथा जीवन घिमिरे र सुदर्शन विष्टको जोडीले उपाधि भिडन्त पक्का गरे । ६५ वर्षमाथि पुरुष सिंगल्समा ध्रुव गुरुङ र मनोजशमशेर जंगबहादुर राणा सेमिफाइनलमा प्रवेश गरे ।

प्रदीप खड्का, निशान श्रेष्ठ, बोरिस अधिकारी र ऋतिक पुरुष सिंगल्समा सोमबार सेमिफाइनलमा प्रवेश गरेका छन् । सातदोबाटोस्थित टेनिस कोर्टमा प्रदीपले निहालजंगबहादुर थापालाई ६-१, ६-७ र ६-३, निशानले आशिष खड्कालाई ६-०, ५-७ र ७-५, बोरिसले युगेन शेर्पालाई ६-३ र ६-४ तथा ऋतिकले आयुशमान घलेलाई ६-१ र ६-४ को सेटमा पराजित गरे ।


## कुवेतमा वैदेशिक रोजगारको अवसर

कम्पनी : NASS INTERNATIONAL GROUP COMPANY FOR FACILITY SECURITY

पुर्व स्वीकृति मिति २०८०/०७/२० LT. No. 294766 चलानी नं. ६०२०९८८२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner | 18 | 0 | 85 | ३६,३९५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : UNITED BEVERAGE COMPANY

पुर्व स्वीकृति मिति २०८०/०७/२० LT. No. 294792 चलानी नं. ६०२०९९०८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | BASIC (CLEANER, LABOR, HELPER, SWEEPER, WATCHMAN, | 75 | 0 | 100 | ४३१४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | CHECKER | 6 | | 125 | ५३९२५ | | | | | | | |
| 3 | Light Driver | 25 | | 125 | ५३९२५ | | | | | | | |
| 4 | selsman | 10 | | 125 | ५३९२५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० कार्तिक २८ गते (14th Nov. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: १०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**National Exports Manpower Consultant Pvt. Ltd.**

Sinamangal-9, Kathmandu, Nepal, Phone No.: +977-1-4233652

E-mail : nationalexportsmc@gmail.com

## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : Fang & Pai Industries Sdn.Bhd.

पुर्व स्वीकृति मिति २०८०/०७/२० LT. No.294777 चलानी नं. ६०२०९८९२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker (Manufacturing Sec.) | 100 | 0 | 1500 | ४३,०७४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० कार्तिक २८ गते (14th Nov. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: निःशुल्क/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । २) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ३) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ४) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ५) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ६) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Friendship And Cooperation Recruitment Pvt.Ltd**

FC श्रम ईजाजत नं. १५८९/०७९/०८०

Sinamangal-9, Kathmandu, Nepal, Tel : +977-1-014493647

E-mail: fcmanpower1589@gmail.com

## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : Fang & Pai Industries Sdn.Bhd.

पुर्व स्वीकृति मिति : २०८०/०७/२० LT. No.294774 चलानी नं. ६०२०९८८८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | FACTOR WORKER | 100 | 0 | 1500 | ४३०७४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० कार्तिक २८ गते (14th Nov. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: निशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**SHADA EMPLOYMENT SERVICES PVT.LTD.**

SES SHADA EMPLOYMENT SERVICES

Bhattishputali-09 Gausala opposite to Dwarika Hotel Kathmandu Nepal

Phone: +977014565453, Fax No.: +977014465461

श्रम ईजाजत नं. १३८७/०७४/०७५ Email: info@shadaes.com.np/sesjobs4@gmail.com, website: shadaes.com.np

## कुवेतमा वैदेशिक रोजगारको अवसर

कम्पनी : VICTORIA BEAUTY SALON COMPANY FOR WOMEN'S BEAUTY

पुर्व स्वीकृति मिति २०८०/०७/२० LT No : 294806 चलानी नं. ६०२०९८७८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | MANICURE / PEDICURE / HAIRDRESSER / BEAUTICIAN / N | 0 | 19 | 140 | ५९९४९ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : CITY GROUP GENERAL TRADING CO.

पुर्व स्वीकृति मिति : २०७८/११/१० पुन स्वीकृति मिति २०८०/०७/२० LT. No. 258421 चलानी नं.६०१७४८६८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KWD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Nurses | 300 | 100 | 350 | १,३८,३२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : FOLIO GREEN HOUSE RESTAURANT CO.

पुर्व स्वीकृति मिति : २०८०/०७/२० LT. No. 294805 चलानी नं.६०२०९८७७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KWD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Baker | 0 | 3 | 160 | ६८५१३ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Coffee Maker | 0 | 5 | 130 | ५५६६७ | | | | | | | |
| 3 | Hostess | 0 | 5 | 130 | ५५६६७ | | | | | | | |
| 4 | Waitress | 0 | 5 | 130 | ५५६६७ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० कार्तिक २८ गते (14th Nov. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: १०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Omega International Pvt. Ltd.**

Govt. License No. 1352/074/075

Basundhara, Kathmandu, Nepal, Ph. No: +977-4954327, 4954337

E-mail : info@omeganepal.com,Website : www.omeganepal.com

## कुवेतमा वैदेशिक रोजगारको अवसर

कम्पनी : GRAND HOTEL KUWAIT

पुर्व स्वीकृति मिति : २०८०/०६/२५ पुन विज्ञापन स्वीकृति मिति : २०८०/०७/२० LT. No. 293930 चलानी नं.६०२०९०६५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Barista | 1 | 1 | 180 | ७७,२५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Commi Chef | 1 | 1 | 140 | ६०,०८५ | | | | | | | |
| 3 | Hk Attendant / Cleaner | 4 | 2 | 100 | ४२,९१५ | | | | | | | |
| 4 | Receptionist / Clerk | 1 | 1 | 150 | ७४,३७५ | | | | | | | |
| 5 | Reservation Supervisor | 2 | 0 | 150 | ७४,३७५ | | | | | | | |
| 6 | Steward / Kitchen Tool Cleaner | 6 | 0 | 100 | ४२,९१५ | | | | | | | |
| 7 | Waiter/waitress | 4 | 2 | 120 | ५१,५०० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० कार्तिक २८ गते (14th Nov. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Supreme Overseas Pvt. Ltd.**

श्रम ईजाजत नं. ३०१/०५९/०६०

